# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ३ अङ्क ३४ पूर्णाङ्क १३२ | २०७५ फागुन ६ गते सोमबार | Monday, Feb. 18, 2019 | पृष्ठ ८ | मूल्य रु. १०।-


## सूचना विभागले परिपत्र नसच्याए क्रान्तिकारी पत्रकार महासंघ संघर्षमा उत्रने

क्रान्तिकारी पत्रकार महासंघ
Federation of Revolutionary Journalist
केन्द्रीय समिति
Central Committee

काठमाडौं । क्रान्तिकारी पत्रकार महासंघले एक वक्तव्य जारी गरी सूचना विभागले जारी गरेको परिपत्र नसच्याए संघर्षमा उत्रने चेतावनी दिएको छ । महासंघका अध्यक्ष इन्द्र राउतले आज एक वक्तव्य जारी गरी सूचना तथा प्रसारण विभाग (प्रशासन तथा प्रेस शाखा)को तर्फबाट ...बाँकी ७ पेजमा

# देशैभर क्रान्तिकारी माओवादीले मनायो २४औं जनयुद्ध दिवस

## कहाँ कहाँ के के भए कार्यक्रम ?



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)ले देशैभर रेड मार्चपास, मशाल जुलुस, सभा, गोष्ठी लगायत विभिन्न कार्यक्रम गरी २४ औं जनयुद्ध दिवस भव्य रूपमा मनाएको छ। पार्टी शीर्ष नेतृत्वदेखि आम पार्टी सदस्यलगायत हजारौं जनसमुदाय सहभागितामा कार्यक्रमहरू सम्पन्न गरिएका छन् । सहिद तथा वेपत्ता परिवारदेखि जनयुद्धका घाइतेहरू समेतलाई यसै अवसरमा सम्मान समेत गरिएको छ । जनयुद्ध दिवसकै सन्दर्भ पारेर पार्टी तथा देजमोका जिल्ला भेला तथा सम्मेलनहरू पनि सम्पन्न गरिएका छन् । २७ माघ देखि सुरु गरिएको क्रान्तिकारी युवा लिग, नेपाल ४ नं. प्रदेशको वैचारिक, राजनीतिक तथा शारीरिक प्रशिक्षण तथा तालिम फागुन १ को जनयुद्ध दिवसकै अवसर पारेर समापन गरिएको छ । कतिपय ठाउँमा निर्मित सहिदहरूका शालिकमा माल्यार्पण गर्ने कामहरू पनि भएका छन् । समग्रमा क्रान्तिकारी माओवादीले देशैभर जनयुद्धको बहुआयामिक मूल्यलाई स्थापित गर्ने कामलाई उच्च प्राथमिकताका साथ सम्पन्न गरेको छ। र, राजनीतिक रूपमा यसको विशेष महत्व रहेको रहेको छ ।

जनयुद्ध दिवसमा भएका कार्यक्रमहरूको विवरणलाई हाम्रा सहकर्मीहरूको सहयोगमा हामीले यहाँ प्रस्तुत गर्ने कोशिस गरेका छौं ।

### रेड मार्चपास, सभा र दीप प्रज्वलन भव्य रूपमा सम्पन्न

*कुमार भट्टराई/गोपालदास श्रेष्ठ*

काठमाडौं । क्रान्तिकारी माआवादीको काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाले संयुक्त रूपमा काठमाडौंको भोटाहिटीबाट 'रेड मार्चपास' प्रदर्शन गरी कोणसभा समेत सम्पन्न गरेको छ । भोटाहिटीबाट सुरु भएको मार्चपास शान्तिबाटिका, पुरानो बसपार्क, भद्रकाली, सुन्धरा, न्यूरोड, विशालबजार हुँदै इन्द्र चोकमा पुगेर सभामा परिणत भएको थियो । सभालाई पार्टीका स्थायी समिति सदस्य राजवीर र पिविएम प्रभाकिरणले सम्बोधन गरेका थिए । बेलुन उडाएर कार्यक्रमको समापन गरिएको थियो ।

साँझपख अखिल (क्रान्तिकारी)को नेतृत्वमा रत्नपार्क शान्तिबाटिकामा दीप प्रज्वलनसहित कोणसभा सम्पन्न गरियो । कोणसभालाई संगठनका अध्यक्ष हरिकृष्ण गजुरेलले सम्बोधन गरेका थिए । कार्यक्रममा विध्यार्थी नेताहरू र जनसमुदायको समेत बाक्लो उपस्थिति रहेको थियो । सडकमा '२४ औं जनयुद्ध दिवस भव्य रूपले सम्पन गरौं' लगायतका नाराहरू, पार्टी र संगठनका झण्डाहरू पोतिएको थियो । ...बाँकी ४ पेजमा

# फागुन ७ देखि सुरु हुँदैछ देजमोको मेची–महाकाली अभियान

***झापाको काँकडभिट्टा, कञ्चनपुरको गड्डाचौकी, कास्कीको पोखरा र काठमाडौंको शान्तिबाटिकाबाट एकसाथ उद्घाटन गरिने, काठमाडौंको उद्घाटन क्रान्तिकारी माओवादीका महासविचले गर्ने***

काठमाडौं । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको केन्द्रीय समितिको नेतृत्वमा 'मेची- महाकाली अभियान सफल पारौं ! अग्रगामी विकल्पको तयारी गरौ !!' भन्ने आव्हानका साथ मेची-महाकाली अभियानको सुरु हुँदैछ । फागुन ७ देखि २१ गते सम्म चलाइने अभियानको उद्घाटन एकैसाथ देशका चारवटा सहरबाट हुँदैछ ।

प्राप्त जानकारी अनुसार झापाको काँकडभिट्टा, कञ्चनपुरको गड्डाचौकी, कास्कीको पोखरा र काठमाडौंको रत्नपार्क शान्तिबाटिकाबाट एक साथ अभियानको उद्घाटन हुँदैछ । काठमाडौंको उद्घाटन नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य'किरण'ले गर्ने कार्यक्रम तय भएको छ भने झापाको काँकडभिट्टामा देजमोका केन्द्रीय अध्यक्ष सीपी गजुरेलले गर्ने मोर्चाको केन्द्रीय कार्यालयले जानकारी दिएको छ । त्यसैगरी कञ्चनपुरको गड्डाचौकीमा देजमो सचिव परि थापाले र कास्कीको ...बाँकी ८ पेजमा

## क्रान्तिकारी युवा लिग नेपाल प्रदेश नं. ४ को प्रशिक्षण सम्पन्न




नवलपुर । क्रान्तिकारी युवा लिग, नेपाल प्रदेश नं. ४ द्वारा २०७५ माघ २७ गतेदेखि २०७५ फाल्गुन १ गतेसम्म पूर्वी नवलपरासी जिल्लाको मध्यविन्दु नगरपालिका वडा नं. १३, कोटथरस्थित सोती चोकमा सञ्चालन गरेको वैचारिक तथा राजनीतिक प्रशिक्षण र शारीरिक व्यायाम समेतको कार्यक्रम भव्यताका साथ सम्पन्न भएको छ। ...बाँकी ४ पेजमा

## अनेमसंघ (क्रान्तिकारी)को अध्यक्षमा अम्बिका मुड्भरी, महासचिवमा महत



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल महिला संघ (क्रान्तिकारी)को केन्द्रीय समितिको बैठक सम्पन्न भएको छ । बैठकले संगठनको अध्यक्षमा अम्बिका मुड्भरी र महासचिवमा शारदा महतलाई चयन गरेको छ ।

यसअघि संगठनको अध्यक्ष रहेकी लक्ष्मी मुड्भरीले विशेष कारणबश संगठनको अध्यक्षको जिम्मेवारीबाट हट्ने प्रस्ताव गरेपछि बैठकले अम्बिका मुड्भरीलाई अध्यक्षमा चयन गरेको हो। उनी यसअघि संगठनको महासचिव थिइन् । निवर्तमान ...बाँकी ८पेजमा

# २४औं जनयुद्ध दिवसको सन्देश

नेकपा (क्रान्तिकारी माओवादी)ले यही फागुन १ गते २४औं जनयुद्ध दिवसलाई उत्सवका साथ भव्य रूपमा मनाउने निर्णय गरेको छ । २०५२ साल फागुन १ गते 'प्रतिक्रियावादी राज्यसत्तालाई ध्वंस गर्दै नया' जनवादी राज्यसत्ता स्थापना गर्न जनयुद्धको बाटोमा अघि बढौं', 'विद्रोह जनताको अधिकार हो', 'जनयुद्ध- जिन्दावाद' र 'नेकपा (माओवादी)' लेखिएको यो पहिलो पोष्टर नेपाली जनताले पढेका थिए । यद्यपि यही पोष्टरको निरन्तरतामा नै अहिलेको माओवादी आन्दोलन पाइँदैन । यो पोष्टरको सबैभन्दा नजिक देखिएको त्यस बेलाको माओवादी आन्दोलनको क्रान्तिकारी धार मोहन वैद्य किरणले नेतृत्व गरेको नेकपा (क्रान्तिकारी माओवादी) नै हो भन्ने स्पष्ट बन्दै गएको छ ।


**नेकपा (क्रान्तिकारी माओवादी) ले आफ्नो कार्यदिशामा नेपालको विशिष्टतामा सशस्त्र जनविद्रोहमा आधारित बनाएको छ र के पनि स्पष्ट भनेको छ भने जनयुद्धको बाटो यद्यपि अझै पनि आवश्यक हुन सक्छ । तर त्यसमा अहिले देखिएका कुनै पनि माओवादी कम्युनिस्ट पार्टीहरू आधारित छैनन् । वर्तमानमा आफूलाई सशस्त्र विद्रोहको तयारीमा लगाएका छौं भन्ने विप्लव नेतृत्वको नेकपा पनि सारमा यो पोष्टरको उत्तराधिकारीको हैसियत राख्दैन किनभने उसले प्रथम पार्टीको नामबाट माओवादी हटाएको छ**




● हुकुमबहादुर सिंह ●

नेकपा (क्रान्तिकारी माओवादी) ले आफ्नो कार्यदिशामा नेपालको विशिष्टतामा सशस्त्र जनविद्रोहमा आधारित बनाएको छ र के पनि स्पष्ट भनेको छ भने जनयुद्धको बाटो यद्यपि अझै पनि आवश्यक हुन सक्छ । तर त्यसमा अहिले देखिएका कुनै पनि माओवादी कम्युनिस्ट पार्टीहरू आधारित छैनन् । वर्तमानमा आफूलाई सशस्त्र विद्रोहको तयारीमा लगाएका छौं भन्ने विप्लव नेतृत्वको नेकपा पनि सारमा यो पोष्टरको उत्तराधिकारीको हैसियत राख्दैन किनभने उसले प्रथम पार्टीको नामबाट माओवादी हटाएको छ ।

दोस्रो उसले अब नेपालमा जनयुद्धको आवश्यकतालाई पूरै निषेध गरेको छ र अबको नेपाली क्रान्ति समाजवादी क्रान्ति भनेको छ । विश्वमा सम्राज्यवादको अस्तित्वलाई इन्कार गर्दै विश्वमा अब साम्राज्यवाद विरुद्धको आन्दोलनलाई इन्कार गर्न पुगेको छ । पार्टीमा एकमना एकताको संशोधनवादी लाइनलाई व्यवहारमा लागु गर्दै पार्टीभित्र ...बाँकी ७ पेजमा

## सम्पादकीय

# अख्तियारले आफूमाथि छानबिन नगर्दा

अख्तियार भनेको संविधानले दिएको कानूनी अधिकार हो । यो अधिकारको प्रयोग कर्ता र पालकर्ताबाट दुरूपयोग हुन सक्छ । यो दुरूपयोगलाई रोक्नका लागि संविधान अनुसार नै अख्तियार दुरूपयोगको छानबिन र कारबाही सिफरिस गर्न संवैधानिक संस्थाका रूपमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग परिकल्पना र निर्माण गरिएको हुन्छ । नेपालमा यो संस्था लामो समयदेखि कार्यरत छ । नेपालमा सर्वसाधरण मानिसहरूका सोचाइमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग भनेको अख्तियार दुरूपयोग गर्ने र भ्रष्टाचारीहरूलाई समाएर दण्डदिने संस्था हो । यो निस्कलंक र निर्मल हुन्छ । घुस खाने र घुस दिनेलाई यसले छाड्दैन । तर यसै आदर्श बोकेको संस्थाका आयुक्त राजनारायण पाठक आफैले घुस खाए । भक्तपुरको चाँगुनारायणस्थित इन्जिनियरिङ कलेजको मुद्दा मिलाइदिने भनेर ७८ लाख रूपैयाँ घुस लिए । तर घुस दिनेको काम पनि गरिदिएनन् ।

घुस दिने र घुस खानेका बीचमा निकै ठूलो झगडा चल्यो । अविश्वास चुलिएपछि घुस दिएर पनि काम गरी नपाएकाहरूले सरकारसमक्ष यो कुरा खोले । प्रधानमन्त्री केपी शर्मा ओली आफैले आफ्नो मातहतमा रहने संस्थाको यो गतिविधिमाथि धेरै दिनसम्म चासोसम्म प्रकट गरेनन् । घुस दिनेहरू रिसाए र पत्रकारलाई आफूहरूसँग रहेको भिडियो रेकर्ड हात पारिदिए । अख्तियारका आयुक्त राजनारायण पाठक सार्वजनिक रूपमा नांगिए । मुख देखाउन पनि लाज भएपछि उनले राष्ट्रपतिसमक्ष आफ्नो पदबाट राजीनामा दिए । पाठक यो राजीनामापछि चोखिने तरखरमा छन् । उनी कुनै पनि कानुनी कारवाहीको झमेलाबाट उन्मुक्ति पाउने ध्याउन्नमा लागेका छन् । उनी सरकारको चाकरीदेखि अदालतको जीहजुरी गर्नसम्म अविश्राम लागेका छन् ।

यो काण्डपछि धेरै प्रश्नहरू उब्जिएका छन् । भ्रष्टाचारमा शुन्य सहनशीलता अपनाउने भन्ने प्रधानमन्त्री आफ्नै छायाँमुनि बसेर घुस खाइरहेको धेरै दिन जानकारी हुँदा पनि किन चूपचाप रहे ? त्यसपछि पनि उनलाई राजीनामा दिएर सजिलै गरी चोखिने बाटो सरकारले किन सुझायो ? राष्ट्रपतिले भ्रष्ट आयुक्त पाठकको राजीनामा आइसकेपछि खेल्ने भूमिका कस्तो होला ? कांग्रेसी कोटाबाट आयुक्त नियुक्त गरिएका पाठकको राजीनामा र कारवाहीलाई प्रतिपक्षमा रहेको कांग्रेसले कसरी लिन्छ ? प्रधानमन्त्रीको सर्वोच्च कार्यालयमा पाठकको घुसकाण्डबारे गाइँयगुइँयूय निकै चलिरहादा पनि लामो समय गुपचूप राखियो किन ? संसद वा संसदीय लेखा समिति वा अख्तियार स्वयम् यसका बारेमा मौन छ किन ? के अख्तियार भ्रष्टहरू लुक्ने भण्डारण घर हो ? प्रधानमन्त्री ओलीले तिलको पहाड तयार गरेर भ्रष्टाचारविरुद्ध लक्षित गरी गरेको लच्छेदार भाषणसँगै आएको यो विषयलाई कसरी लिने ? उनले देश र जनतालाई संबोधन गरिरहने उनैका मातहतका कर्मचारीहरू भ्रष्टाचारमा रमाइरहने यो कसरी संभव भइरहेको छ ?

अख्तियारमा कस्ता मानिसहरू लगिन्छन् ? भ्रष्टाचारीहरूको भण्डारणको थलोका रूपमा अख्तियार नै आफै परिणत हुन थालेपछि अख्तियारको जिम्मेवारी कसले लिने ? के अख्तियार कमाउधन्दावालाहरू भर्ने 'चोरलाई चाबी' को नीति अन्तर्गत निर्माण गरिएको हो ? सरकार कहाँ छ ? पाठकको विगत हेर्दा उनी वकिल छँदा २०५५ सालमै पाटनमा दुई करोड भारु नोट प्रकरणमा समातिएका सुनिल मास्केको मुद्दामा निकै अनैतिक तरिकाले मुछिएका छन् । पाठकको जिकिरमा भारु ५०० को नोट सरकारले अवैध घोषणा गरेकाले पाँच शय मूल्यका यी दुई करोड भारु नोटहरू सादा कागजसरह विनामूल्यको हुने भनी अदालती निर्णय गराइएको थियो । उनी तातकालिन सुन काण्डका चर्चित सहभागी पनि हुन् । अब अख्तियारलाई यी र यस्ता मान्छेको भण्डारण केन्द्रका रूपमा राख्ने वा अख्तियारले आफूमाथि पनि अनुसन्धान गरी कारबाही थाल्ने ? यो आम सरोकारको विषय बनेको छ ।

## लेखकहरूमा अनुरोध

१. यस वर्गदृष्टि साप्ताहिक तथा मूलबाटो डटकमका लागि लेख/रचना पठाउँदा एक हजार शब्दमा नबढाइकन आफ्नो लेख/रचना पठाइदिनु हुन,
२. कम्प्युटर टाइप गरी पठाउँदा शुक्रबारसम्म र हस्तलिखित पठाउँदा बुधबारसम्म पत्रिकाको कार्यालयमा वा इमेलमा पठाइदिनु हुन,
३. सकेसम्म छोटा र सरल वाक्य प्रयोग गरिदिनु हुन हार्दिक अनुरोध छ।
४. लेख वा समाचार पठाएपछि ९८६०५०३९८३/९८५११३४८३० वा ०१-४७८५७६३ मा फोन गरी जानकारी गराउन हुन अनुरोध छ।

**सम्पादन विभाग, वर्गदृष्टि मिडिया**

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।
www.moolbato.com

# जनयुद्धभित्रका छापामार फौजीकला



कुमार शाह

युद्ध आफैमा कला हो । युद्ध कलाका माध्यमबाट अभिव्यक्त हुन्छ । यो राजनीतिको हिंसात्मक रूप हो । त्यसैले भन्ने पनि गरिन्छ कि राजनीति युद्धको अहिंसात्मक रूप हो भने युद्ध राजनीतिको हिंसात्मक रूप हो । यी दुई फरक परिदृष्यमा राजनीति र युद्ध एउटै सारमा फरक रूप र कलामा अभिव्यक्त हुन्छन् । तर यो कला देखाउनका लागि नभई कार्यान्वयन गर्न र परिणाम हासिल गरेर विजय हासिल गर्नका लागि हुन्छ ।

यो राजनीतिक हार जीतका रूपमा अभिव्यक्त हुने जीवनमरण लडाइँको उत्कर्ष पनि हो । यो बहादुर तथा शुरवीरहरूका लागि रणमैदान र कायरहरूका लागि विक्षिप्तताको 'हवन' मैदान पनि हो । यहाँ जनयुद्धभित्रका केही उत्कृष्ट कलापक्षहरूलाई लिएर जनयुद्धको स्मरण गर्न खोजिएको छ ।

जनयुद्धको सुरुका बखतमा माओवादी स्वयम्सेवकहरू तथा लडाकु दल अधिकांश निशस्त्र र केही भएमा सिमित स्थानीय भरुवा बन्दुक लिएका हुन्थे । गाउँमा पुलिसको राज हुन्थ्यो र स्थानीय माओवादी विरोधीहरूले उनीहरूलाई माओवादीहरूका घर देखाउने, मानिस चिनाउने र पुलिससँगै लखेटेर मार्ने काममा सरिक हुन्थे । पुलिस हात्ती जस्तो ठूलो र बलियो थियो भने माओवादीहरू कमजोर थिए ।

अवश्य पनि कमजोरले बलियोको तुलनामा उच्च र उत्कृष्ट फौजी कलाको प्रयोग गरेमा मात्र उसको रक्षा र विकास संभव हुन्छ । जनयुद्धको सुरुआतिमा कमजोर अवस्थामा ल्याइएका केही फौजीकलाहरूलाई यसरी नियालन सकिन्छ :

***हात्तीलाई अन्धो बनाऊ***

गाउँगाउँमा पुलिस फोर्स सहरतिरबाट ल्याइएका थिए । गाउँको बारेमा उनीहरूलाई केही पनि थाह थिएन । उनीहरूसँग राइफल थिए, छापामारहरूसँग भरुवा बन्दुक र खुकुरी थिए । जब जनतालाई नै दुश्मन घोषणा गरेर पुलिस परिचालन गरियो, तब उनीहरू अगाडि जो जो भेटिन्छन्, ती सबैलाई हत्या गर्दै अघि बढ्न थाले । उनीहरूले गाउँका ढुंगामाटो नै माओवादी देख्न थाले ।



गाउँमा हुने त्यो निर्मम हत्यालाई स्थानीय जालीफटाह र सुराकी, सीआइडीहरूले सघाउन थाले । गाउँगाउँमा पोल खोल्ने, चुक्ली लगाउने र निर्मम हत्या गराउने काममा स्थानीय सुराकीहरूको सक्रियता बढेपछि पार्टीले 'हात्तीलाई अन्धो बनाऊ' भन्ने नीति अघि सार्‍यो । अब स्थानीय सुराकीहरू छापामार दलको निशानामा परे । ती सुराकीहरूले भत्ता र बक्सिसको लोभमा यी कामहरू गरिरहेका थिए ।

छापामारले सुराकीको लिष्ट तयार पारे । प्रशासनसँग बढी साँठगाँठ कसको छ र बढी हत्यामा संलग्न को छ भनेर तिनीहरूको बारेमा जानकारी सङ्कलन गरिसकेपछि प्रमाणको आधारमा ती सुराकीहरूमाथि कार्वाही अघि बढाए । यो कार्वाही सफायाको थिएन, हातखुट्टा भाँचिदिनेसम्म थियो । गर्दैगर्दा सरकारको तर्फबाट देशव्यापी रूपमा हत्याहिंसालाई तीब्र बनाएपछि छापामारले छानिएकाहरूलाई भौतिक सफायाको अभियान चलाए । त्यहाँबाट भौतिक कार्वाहीको प्रक्रिया सुरु भयो । त्यसपछि वास्तवमा हात्ती साँच्चिकै अन्धो हुन थाल्यो । सुराकी सफयापछि पुलिसलाई गाउँमा पुर्‍याउने र बाटो तथा ठाउँहरू देखाउने काम बन्द भयो ।

जथाभावी दमनको स्केल बढ्दै गइसकेपछि छापामार स्वाडको फर्मेशन विकास भयो । स्क्वाडबाट बढाएर पल्टन निर्माण हुन थाले । तीन सेक्सन वा स्क्वाड मिलाएर १ पल्टन बनाउने अवधारणाअनुसार छापामार प्लाटुन वा पल्टनको फर्मेशन विकास हुँदै गयो ।

***दुश्मनले जहाँ टेक्छ, त्यहीं पड्क***

प्लाटुन बनिसकेपछि भौतिक प्राविधिक तालिम गरेर एम्बुस सुरु गर्ने नीति पार्टीले अघि सार्‍यो । पुलिस ठूलाठूला फर्मेशनमा ठूलो मात्रामा दमनको नीति लिएर गाउँ पस्न थाल्यो । त्यतिबेला रुट र नाकाहरू ब्लक गर्ने, अप्ठेरा ठाउँहरूमा एम्बुस गर्ने काममा छापामार प्लाटुनहरू खटिए । हरेक नाकानाका र गौंडागौंडामा ल्याण्ड माइन बिच्छ्याएर पुलिसलाई क्षति पुर्‍याउने र गाउँ छिर्नबाट रोक्ने काम बढेर गए । किनकि, साधारण जनता गाउँमा भेट्ने बित्तिकै पुलिसहरूले हत्या गरिहाल्थे ।

त्योभन्दा पहिलेसम्म छापामारले जिलेटिन कसरी पड्कन्छ, डिटोनेटर कसरी फिट गरिन्छ र बारुद कसरी बनाइन्छ भन्नेबारे सामान्य ज्ञानमात्र राख्थे । बाध्यता र आवशयकताले साधनस्रोतहरूका बारेमा बढी जानकारी हासिल गर्ने बनायो । छापामारले बिष्फोटक पदार्थको विकास र संकलनतिर ध्यान दिन थाले । गाउँगाउँबाट भरुवा बन्दुकहरू सङ्कलन गर्ने काम पनि तीब्रतामा बढ्यो ।

सुरुसुरुमा प्राविधिक ...बाँकी ७ पेजमा

# २४ औं जनयुद्ध दिवस, क्रान्तिकारी माओवादी र क्रान्तिकारी आन्दोलन

● **विनोद सहयात्री**

नेकपा (क्रान्तिकारी माओवादी)ले देशैभर रेड मार्चपास, मशाल जुलुस, सभा, गोष्ठी लगायत विभिन्न कार्यक्रम गरी २४ औं जनयुद्ध दिवस भव्य रूपमा मनाएको छ । पार्टी शीर्ष नेतृत्वदेखि आम पार्टी सदस्यलगायत हजारौं जनसमुदाय सहभागितामा कार्यक्रमहरू सम्पन्न गरिएका छन् । सहिद तथा वेपत्ता परिवारदेखि जनयुद्धका घाइतेहरू समेतलाई यसै अवसरमा सम्मान समेत गरिएको छ । जनयुद्ध दिवसकै सन्दर्भ पारेर पार्टी तथा देजमोका जिल्ला भेला तथा सम्मेलनहरू पनि सम्पन्न गरिएका छन् । २७ माघ देखि सुरु गरिएको क्रान्तिकारी युवा लिग, नेपाल ४ नं. प्रदेशको वैचारिक, राजनीतिक तथा शारीरिक प्रशिक्षण तथा तालिम फागुन १ को जनयुद्ध दिवसकै अवसर पारेर समापन गरिएको छ । कतिपय ठाउँमा निर्मित सहिदहरूका शालिकमा माल्यार्पण गर्ने कामहरू पनि भएका छन् । समग्रमा क्रान्तिकारी माओवादीले देशैभर जनयुद्धको बहुआयामिक मूल्यलाई स्थापित गर्ने कामलाई उच्च प्राथमिकताका साथ सम्पन्न गरेको छ । र, राजनीतिक रूपमा यसको विशेष महत्व रहेको रहेको छ ।

तत्कालीन पार्टी नेतृत्वको धोका र गद्दारीका कारण जनयुद्धले 'सेट ब्याक' खाएपछि माओवादी टुट फुट विभाजनबाट गुज्रिन पुग्यो । जनयुद्ध लडेर आएको ठूलो पंक्तिको नेतृत्व गरेका पुष्पकमल दाहाल'प्रचण्ड'ले ' माओवादी केन्द्र' नामको पार्टी एमालेमा लगेर विलय गराए । अर्का नेता बाबुराम भट्टराईले माओवादी आन्दोलनबाट मात्र होइन, कम्युनिस्ट विचार र राजनीतिबाटै सम्बन्ध विच्छेद् गरी नयाँ शक्ति नामको 'बुर्जुवा' पार्टी बनाउन पुगे । पार्टीका बरिष्ठ नेता मोहन वैद्य'किरण'ले पार्टीको विचार र राजनीतिको नेतृत्व गर्दै ०६९ सालमा निर्माण गरेको नेकपा-माओवादी अहिले आएर ' क्रान्तिकारी माओवादी'को रूपमा रहेको छ । यही पार्टीबाट अलग भई नेत्रविक्रम चन्द'विप्लव'ले नेकपा नामको पार्टी बनाएका छन् भने रामबहादुर थापा बादलको नेतृत्वमा एउटा अवसरवादी पंक्ति माके हुँदै अहिले एमालेमा विलिन हुन पुगेको छ । अहिले माओवादी नामको पार्टी भनेको मोहन वैद्य'किरण' नेतृत्वको ' क्रान्तिकारी माओवादी' मात्र रहेको छ । यही पार्टीले आफूलाई जनयुद्ध र झापा विद्रोहको उत्तराधिकारी रहेको दावी गर्दै आएको छ र यस पटकको २४ औं जनयुद्ध दिवसमा भव्य रूपमा मनाएर उसले त्यसको साबित पनि गरेको छ ।

नेपाली विशिष्टतामा आधारित सशस्त्र जनविद्रोहको प्रक्रियाबाट नेपालमा नयाँ जनवादी क्रान्तिको ' कोर्स' पूरा गर्न सकिने विश्लेषणसहित अहिले क्रान्तिकारी माओवादी नयाँ जनवादी क्रान्तिको तयारीमा जुटिरहेको छ । 'नयाँ जनवादी क्रान्ति पूरा भएको छैन' भन्ने विश्लेषणमा सहमत हुने छरिएर रहेका सबै क्रान्तिकारीहरूलाई एक ठाउँमा गोलबन्द गरी क्रान्तिको नेतृत्व गर्ने हैसियतसहित अगाडि बढिरहेको यो पार्टीप्रति पछिल्ला दिनमा ध्रवीकरण र आकर्षण पनि बढ्दै गएको छ ।

राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरूलाई मुख्य जोड दिएर उठाउँदै आएको यो पार्टीले क्रान्तिको तीन जादुगरी हतियारमध्ये संयुक्त मोर्चाको रूपमा रहेको देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले यिनै मुद्दाहरू समेटेर वर्तमान ओली सरकारलाई ९५ बुँदे ज्ञापन पत्र बुझाएको छ भने यही विषयलाई लिएर फागुन-७ देखि २१ सम्म मेची-महाकाली अभियानमा निस्कँदै छ । मोर्चाका अध्यक्ष सीपी गजुरेलले झापाको काँकडभिट्टा र सचिव परि थापाले कञ्चनपुरको गड्डाचौकीबाट अभियानको उद्घाटन गर्दैछन् । मोर्चाको उपत्यकाबाट सुरु हुने अभियानको उद्घाटन पार्टी महासचिव मोहन वैद्य'किरण'ले गर्दैछन् भने पोखरामा पनि अभियानको एकसाथ उद्घाटन हुँदैछ । 'मेची-महाकाली अभियान सफल पारौं, अग्रगामी विकल्पकको तयारी गरौं' भन्ने मूल नाराका साथ सुरु गर्न लागिएको अभियानको क्रममा अतिक्रमित भूमिको अध्ययन तथा अवलोकन, विरोध तथा भण्डाफोर सभाहरू, अन्तर्क्रिया तथा गोष्ठीहरू लगायत जनजागरणसम्बन्धी कार्यक्रमहरू गर्ने तयारी गरिएको छ ।


मुलुक अहिले चौतर्फी रूपमा समस्या ग्रस्त बनेको छ । आफूलाई कम्युनिस्ट तथा बाम बताउने ओली नेतृत्वको सरकार जनताको बीचमा बद्नाम र घृणित बनेर गएको छ । सिंहदरबारदेखि गाउँतहसम्म फैलिएको संस्थागत भ्रष्टाचारको माहामारी, राज्यको स्रोत साधनमाथि भइरहेको ब्रम्हलुट, बढ्दो दण्डहीनता तथा अराजकता, माफियाकरण, हत्या, बलात्कार, अपहरणको डरलाग्दो श्रृङ्खला, महंगी, कालोबजारी, बेरोजगारीको भयावह समस्या, डरलाग्दो व्यापार घाटा, असन्तुलित अर्थतन्त्र, असन्तुलित कुटनीतिक सम्बन्ध आदि स्थितिले आम जनता आजित भएका छन् र वर्तमान सत्ता तथा व्यवस्थाको विकल्प खोज्न थालेका छन् । यही स्थितिको सूक्ष्म विश्लेषण गर्दै क्रान्तिकारी माओवादीले मोर्चामार्फत् विकल्पको तयारी भन्दै अभियान सञ्चालन गर्न लागेको देखिन्छ । जनआन्दोलनको उत्कर्षको रूपमा ऐतिहासिक रूपले स्थापित चैत्र २४ को दिन पारेर यही मोर्चाको राष्ट्रिय सम्मेलनको तयारी समेत गरिएको छ । मोर्चाको सम्मेलनलाई क्रान्तिकारी माओवादीले आफ्नो शक्ति प्रदर्शनको रूपमा समेत प्रस्तुत गर्ने गरी तयारीमा जुटेको देखिन्छ ।

मार्क्सवाद-लेनिनवाद-माओवादको वैचारिक पथप्रदर्शनमा संगठन र संघर्षको द्वन्द्वात्मकतामाथि ध्यान दिंदै क्रान्तिकारी माओवादीले आफ्ना योजना र कार्यक्रमको निर्माण र कार्यान्वयन गर्दै आएको छ । नेपाली विशिष्टतालाई ख्याल गर्दै क्रान्तिकारी माओवादीले विभिन्न जनवर्गीय संगठन, जातीय क्षेत्रीय मोर्चाको नेतृत्वमा समेत आन्दोलनहरू संगठित गर्दै आएको छ । क्रान्तिकारी युवा लिग, नेपाललाई उसले जुझारु शक्तिको रूपमा विकास गर्ने गरी युवाहरूलाई शारीरिक तालिम समेत दिंदै आएको छ । 'क्रान्तिकारी जनसेना' निर्माणको आवश्यकतालाई समेत उच्च प्राथमिकतामा राख्दै आएको क्रान्तिकारी माओवादीले 'सामरिक कार्यदिशा'को सापेक्षतामा त्यसको विकास गर्ने कुरामा पनि विशेष ध्यान दिएको देखिन्छ ।

यसर्थ, समग्रमा क्रान्तिकारी माओवादीले विगतका जनयुद्ध र जनआन्दोलन, अन्तर्राष्ट्रिय कम्युनिस्ट तथा राष्ट्रिय मुक्ति युद्ध र आन्दोलनबाट पाठ सिक्दै र पार्टीलाई सबै किसिमका अनुभवले समृद्ध पार्दै क्रान्तिको अभिभारा पूरा गर्ने दृढताका साथ आफूलाई तयार पारिरहेको देखिन्छ । जनयुद्धले सेटब्याक खाएपछि बढेको चरम निराशा, अन्यौलता र अकर्मयताका बादलहरू पनि विस्तारै हट्दै गएका छन् । क्रान्तिकारी आन्दोलनमा विस्तारै आशा, उत्साह र विश्वासको बातावरण पैदा हुँदै गएको छ । फेरि अब आन्दोलनको आँधिबेहरी उठ्ने, विद्रोहको राँको बल्ने परिस्थिति विकसित हुँदै गएको छ । क्रान्तिकारीहरूले दृढ र उच्च मनोबलका साथ क्रान्तिकारी आन्दोलनमा आफूलाई आन्दोलनमा होम्न तम्तयार पार्न जरुरी छ ।

## सन्दर्भ २४ औं जनयुद्ध दिवस :

# महान् दश वर्षे जनयुद्धको बिरासत



हस्तबहादुर केसी

यही २०७५ फाल्गुन १ गतेदेखि महान् दस वर्षे जनयुद्धले २३ वर्ष पूरा गरेर २४ वर्षमा प्रवेश गरेको छ । फाल्गुन १ गते नेपाली कम्युनिस्ट आन्दोलनको इतिहासमा मुख्यतः नेपाली कम्युनिस्ट आन्दोलनको क्रान्तिकारी धाराको इतिहासमा एक ऐतिहासिक दिन हो । किनभने, २०५२ साल फाल्गुन १ गते तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को नेतृत्वमा ऐतिहासिक दीर्घकालीन जनयुद्धको थालनी रोल्पाको होलेरी प्रहरी चौकी, रुकुमको राडीज्यूला प्रहरी चौकी, सिन्धुलीको सिन्धुलीगढी प्रहरी चौकी र गोरखा जिल्लाको च्याङ्ली कृषि विकास बैंकमाथि एउटै समयमा सशस्त्र आक्रमण गरेर साथै देशभर अरु साना ठूला फौजी कार्वाहीहरू गर्दै दीर्घकालीन रूपमा जनयुद्धको थालनी गरिएको थियो ।

साम्राज्यवाद र सामन्तवादको आडभर ोसामा टिकेको राजतन्त्रात्मक बहुदलीय राज्य व्यवस्थालाई अन्त्य गरेर त्यसको ठाउँमा जनताको जनवादी राज्यव्यवस्था स्थापना गर्ने महान् उद्देश्यका साथ माओवादीको नेतृत्वमा सशस्त्र जनयुद्धको घोषणा गरिएको थियो ।

महान् जनयुद्धको थालनी गर्नुभन्दा पहिले ठूलो तयारी गरिएको थियो । जस्तैः

(१) वैचारिक तयारी, (२) सङ्गठनात्मक तयारी, (पार्टी, नेतृत्व सम्बन्धमा) (३) संयुक्त मोर्चाका सम्बन्धमा (४) सेना निर्माण सम्बन्धमा र (५) ज.व.स. सम्बन्धमा आदि तयारी गरिएको थियो ।

साथै नेतृत्वले क्रान्तिप्रति, देश र जनताप्रति कहिल्यै पनि धोका दिने छैनौं भन्दै सात बुँदे प्रतिबद्धता जारी गरेको थियो । नेतृत्व पंक्तिले सामुहिक फोटो खिचेर सामुहिक प्रतिबद्धता जाहेर गरिएको थियो भनिएको छ ।

जनयुद्ध थालनी भएको करीब नौदस वर्षकै छोटै अवधिमा माओवादी जनयुद्धले अतुलनीय उपलब्धिहरू हाँसिल गर्दै विकसित हुन पुग्यो । वैचारिक क्षेत्रमा मार्क्सवाद-लेनिनवाद-माओवादले सिंगो पार्टी पंक्तिलाई लैस गराउनुका साथै मालेमावादका सार्वभौम सिद्धान्तहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा फैलाउन सफल भयो । संगठनात्मक क्षेत्रमा छोटै अवधिमा पार्टी संगठनहरूलाई देशव्यापी रूपमा फैलाउन सफल भयो ।

सैन्य क्षेत्रमा छापामार दस्ता हुँदै जनमुक्ति सेनाको निर्माण र सातवटा सैन्य डिभिजनहरूको निर्माण गर्न सफल भयो ।

राजनीतिक क्षेत्रमा माओवादी पार्टीले आफ्ना लक्ष्य, उद्देश्य र कार्यक्रमहरू देशभर आम जनताका बीचमा पुऱ्याउन सफल भयो । आधार इलाकाहरू निर्माणका सन्दर्भमा माओवादी पार्टीले सशस्त्र जनयुद्ध थालनी गरेको छोटै अवधिमा ग्रामीण जनताका बीचमा आधार इलाकाहरू निर्माण गर्न सफल भएको थियो ।

नयाँ जनसत्ता निर्माणका सम्बन्धमा त्यस ऐतिहासिक सशस्त्र जनयुद्धको प्रक्रिया अन्तर्गत माओवादीले छोटै अवधिमा स्थानीय नयाँ सत्ता, जनअदालत, जनसरकारहरूको निर्माण र परिचालन गर्न नेपालको कम्युनिस्ट आन्दोलनमा इतिहासमै पहिलो पटक सफल भएको थियो ।

माथि उल्लेख गरे बमोजिम रोल्पा, रुकुम, गोरखा, सिन्धुली लगायतका देशका केही जिल्लाहरूबाट फौजी कार्वाही गरेर सुरु गरेको सशस्त्र जनयुद्धको प्रक्रियामा मुलुकका विभिन्न स्थानहरूमा रहेका प्रतिक्रियावादी सत्ताका सैनिक एवम् फौजी क्याम्प र अन्य सैन्य इलाका र क्याम्पहरूमा सफल फौजी कार्वाही गरेर ठूलाठूला सफलताहरू हासिल गर्न सफल भएको थियो । साथै, २०६१ र २०६२ तिर पुग्दैगर्दा माओवादी जनयुद्धले मुलुकको करिब ८० प्रतिशत भूभागमा कब्जा जमाइसकेको थियो ।

एकातिर सोभियत रुस र चीनमा भएको भीषण प्रतिक्रान्तिका परिघटनाहरूले विश्व सर्वहारा र विश्व भरकै उत्पीडित राष्ट्र तथा मुक्तिकामी जनताका बिचमा एक प्रकारको निराशा छाइरहेको अवस्थामा सागरमाथाको काँखमा रहेको विश्वकै एउटा सानो देशमा माओवादी जनयुद्धले एकपछि अर्को गर्दै विजय हासिल गर्दै क्रान्तिको सफलता र विजयको नजिक पुगेको देखेर विश्वका भाइचारासमेत आशावादी बनिरहेको अवस्थाले गर्दा नेपाली जनयुद्धको विरासत अति विकसित र विशाल बन्न पुगेको थियो ।

नेपाल कम्युनिस्ट पार्टी (माओवादी) करीब दस वर्षको अवधि पार गर्दै २०६१ र २०६२ तिर पुग्दै गर्दा माओवादी जनयुद्धले महान् नेपाली नयाँ जनवादी क्रान्ति सन्निकट भइरहेको देखेर देशीविदेशी प्रतिक्रियावादीहरू निकै अत्तालिन पुगेका थिए । विश्वभर साम्राज्यवादीहरू, विस्तारवादीहरू र सबैखाले प्रतिक्रियावादीहरूले विविध प्रकारका षड्यन्त्रका ताना वानाहरू बुनिरहेका थिए । नेपालको प्रतिक्रियावादीद्वारा माओवादी जनयुद्धलाई समाप्त पार्ने उद्देश्यले अमेरिकी साम्राज्यवादले नाइटभिजन हेलिकप्टरहरू र ठूलो संख्यामा सेनाहरू समेत नेपालमा पठाएर तत्कालीन शाही नेपाली सेनालाई विशेष तालिम दिइरहेको थियो । यो माओवादी जनयुद्धलाई सिध्याउने उद्देश्यले गरिएको थियो ।

> *दस वर्षसम्म सञ्चालन गरेको जनयुद्धले रणनीतिक रक्षा र सन्तुलनको चरण हुँदै प्रत्याक्रमणको चरणमा अगाडि बढिरहेकै अवस्थामा २०६२ असोजकार्तिकमा सम्पन्न माओवादीको चुनवाङ बैठकबाट जनयुद्धलाई स्थगित गरी संसदीय पुँजीवादी कार्यदिशा 'लोकतान्त्रिक गणतन्त्र' को कार्यदिशा अंगीकार गर्न पुगेपश्चात् शान्ति प्रक्रियामा प्रवेश गरिसकेपछि जनयुद्धको मुख्य नेतृत्व गर्दै आएका पुष्पकाल दाहाल प्रचण्ड-बाबुराममा व्यापक वैचारिक विचलन पैदा भयो र प्रचण्ड-बाबुरामद्वारा साम्राज्यवादीहरू तथा विस्तारवादीहरू र घरेलु प्रतिक्रियावादीहरूका सामु आत्मसमर्पण गरियो*

तात्कालीन नेपाली कांग्रेसको देउवा सरकारले माओवादी जनयुद्धलाई प्रशासनिक दमन गरेर समाप्त गर्ने उद्देश्यले सिंगो देशलाई संकटकालको घोषणा गरेर देशव्यापी रूपमा तत्कालीन शाही नेपाली सेना परिचालन गरेर श्वेतआतंक मच्चाएर नरसंहार मच्चाएको थियो । त्यस ऐतिहासिक जनयुद्धका प्रक्रियामा गोरखाका १२ वर्षे दिलबहादुर रम्तेलबाट जनहत्या गर्ने सुरु भएर दश वर्षको अवधिमा प्रतिक्रियावादी एवम् फासीवादी सत्ताले कमरेड वासु, कमरेड सुनिल हुँदै दशौं हजार नेपाली आमाका आँटी तथा असल छोराछोरीहरूले सहादात प्राप्त गरेका थिए भने हजारौंको ज्यान बेपत्ता पार्ने काम गरिएको थियो । अहिलेसम्म पनि उनीहरूलाई सार्वजनिक गरिएको छैन । त्यस्तै हजारौंको संख्यामा घाइते तथा अपांग तुल्याइएको थियो । नेपालका नदीनालाहरूमा पानी मात्र होइन, जनताको रगतले बगेका थिए । नेपालको राजनीतिक इतिहासमा मूलतः नेपाली कम्युनिस्ट आन्दोलनको क्रान्तिकारी धाराको इतिहासमा यति ठूलो संख्यामा नेपाली जनताले बलिदान गरेको र सहादात प्राप्त गरेको पहिलो परिघटना हो ।

यसरी दस वर्षसम्म सञ्चालन गरेको जनयुद्धले रणनीतिक रक्षा र सन्तुलनको चरण हुँदै प्रत्याक्रमणको चरणमा अगाडि बढिरहेकै अवस्थामा २०६२ असोजकार्तिकमा सम्पन्न माओवादीको चुनवाङ बैठकबाट जनयुद्धलाई स्थगित गरी संसदीय पुँजीवादी कार्यदिशा ' लोकतान्त्रिक गणतन्त्र' को कार्यदिशा अंगीकार गर्न पुगे पश्चात् शान्ति प्रक्रियामा प्रवेश गरिसकेपछि जनयुद्धको मुख्य नेतृत्व गर्दै आएका पुष्पकाल दाहाल प्रचण्ड-बावुराममा व्यापक वैचारिक विचलन पैदा भयो र प्रचण्ड-बाबुरामद्वारा साम्राज्यवादीहरू तथा विस्तारवादीहरू र घरेलु प्रतिक्रियावादीहरूका सामु आत्मसमर्पण गरियो ।

साम्राज्यवादीहरू तथा विस्तारवादीहरू र घरेलु प्रतिक्रियावादी शक्तिहरूले सैनिक दमनबाट माओवादी जनयुद्धलाई समाप्त पार्न सकेनन् र जनयुद्ध झनै फैलिएपछि अमेरिकीको नीति, योजना ग्राण्ड डिजाइनअनुसार महान् दस वर्षे जनयुद्धको नेतृत्व गरेर आएको शक्ति र व्याक्तिकै हातबाट जनयुद्धलाई सिध्याइदिने रणनीति अख्तियार गरेर वैचारिक तथा मानसिक रूपमा कमजोर भएका प्रचण्ड-बावुरामलाई समातेर उनकै हातबाट महान् दस वर्षे जनयुद्धलाई सिध्याउन देशीविदेशी प्रतिक्रियावादीहरू सफल भए ।

देशीविदेशी प्रतिक्रियावादीहरूकै ग्राण्ड डिजाइन र योजना तथा निर्देशनमा प्रचण्डबाबुरामद्वारा आधार इलाकाहरू खारेज गरियो । जनसत्ता, जनअदालतहरू, जनकम्युनहरू र जनसरकारहरू खारेज गरियो । जनमुक्ति सेनाको बिघटन गरियो । हतियार प्रतिक्रियावादी सत्तालाई बुझाइयो ।

जनताद्वारा निर्माण गरिएको पहिलो संविधानसभालाई बिघटन गरियो । २०७० सालको प्रतिगामी तथा प्रतिक्रियावादी संविधान निर्माण गर्न मुख्य भूमिका खेलियो । सबै तहका संसदीय तहका निर्वाचनहरूमा भाग लिएर प्रतिक्रियावादी सत्तामा सामेल भएर क्रान्तिकारी माओवादी कम्युनिस्टहरूका विरुद्ध फासी सत्ताको मुख्य मतियार बन्न पुग्यो ।

त्यतिले मात्र नपुगेर साम्राज्यवादीहरू तथा विस्तारवादीहरू र सबै खाले प्रतिक्रियावादीहरूको ग्राण्डडिजाइन र योजना तथा निर्देशनमा दस वर्षे जनयुद्धको नेतृत्व गरेर आएको र नेकपा ( माके) को नेतृत्व समेत सम्हाली रहेको अवस्थामा प्रचण्डगुट पहिले नै प्रतिक्रियावादी कित्तामा दर्ता भइसकेको नेकपा (एमाले) बिलय हुन पुग्यो ।

यसरी देशीविदेशी प्रतिक्रियावादीहरूको योजना र निर्देशनमा प्रचण्डगुटले महान् दस वर्षे जनयुद्धप्रति गंभीर प्रकारको धोकाधडी र गद्धारी गरे पनि, नेपाली जनता र महान् नेपाली क्रान्ति प्रति गंभीर प्रकारको धोकाधडी गद्धारी गरेपछि माओवादी आन्दोलन र क्रान्तिलाई त ठूलो नोक्सानी हुन गयो, त्यसमा पनि माओवादी आन्दोलन विभाजित हुन पुग्यो । समग्रमा भन्नुपर्दा माओवादी सेटब्याक खानु पऱ्यो ।

यति भएर पनि महान् नेपाली नयाँ जनवादी क्रान्ति सिध्दिएको छैन । ठूलो धक्का त पक्कै पनि बेहोर्नु स्वाभाविकै हुन पुग्यो । यो क्रान्तिको द्वन्द्ववादको नियम नै हो । माओवादी जनयुद्ध सिद्धिएको छैन । चरम अवसरवादी तथा प्रतिक्रान्तिकारीहरूद्वारा सडकमा फ्याँकिएको नेपाली क्रान्तिको झण्डालाई वर्तमान माओवादी आन्दोलनको क्रान्तिकारी धाराको प्रतिनिधित्व गरिरहेको नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) ले कमरेड मोहन वैद्य 'किरण' को नेतृत्वमा महान् नेपाली नयाँ जनवादी क्रान्तिको ऐतिहासिक कार्यभार पूरा गर्नका लागि सशस्त्र जनविद्रोह मार्फत् क्रान्तिको आवश्यक तयारी गर्ने काम भइरहेको छ ।

देशभरमा छरिएर रहेका क्रान्ति पार्टी र शक्तिहरूलाई विचारको आधारमा एकताबद्ध तुल्याउँदै क्रान्तिलाई विजयको शिखरतिर पुऱ्याउने काम भइरहेको छ ।

क्रान्ति विविध प्रकारका आरोह-अवरोह तथा विभिन्न घुम्तीचुनौतीहरूको सामना गर्दै क्रान्तिको प्रक्रिया अगाडि बढ्ने भएकोले कोही पनि निराश हुनु पर्दैन । क्रान्तिको यो द्वन्द्ववादलाई सबै आत्मसात् गर्न जरुरी छ । २४ औं जनयुद्ध दिवस मनाउनुको सार्थकता यसैमा आधारित हुन जरुरी छ ।

# मेची–महाकाली अभियान सफलपारौं !
# अग्रगामी विकल्पको तयारी गरौ !!

नेपाली जनताले समाजको आमूल परिवर्तनका लागि पटक पटक ठूला र बलिदानपूर्ण संघर्षहरू गर्दै आएका छन् । तर दुर्भाग्यको कुरा ती संघर्ष र क्रान्ति प्रायः पुरानो सत्ता सँगको सम्झौता र आत्मसमर्पणमा टुङ्गिने गरेका छन् । जनताको त्यो आमूल परिवर्तनको सपना र चाहना सँधै अधुरो नै रहँदै आएको छ ।

पहिलो संविधान सभाले आफ्नो कार्यभार पूरा नगर्दै त्यसलाई बिघटन गरेर कथित दोस्रो संविधानसभाको नौटंकी गरी तीन दलको मिलेमतोमा "फाष्ट ट्र्याक"को विधिद्वारा जनताका माग र आकांक्षाविपरीत पश्चगामी "संविधान" जारी गरियो । त्यसअनुसार तीन तहका निर्वाचन पनि भैसकेका छन् । जनतालाई फेरि पनि धोखा भएको छ । निर्वाचनका दौरानमा "समृद्ध नेपाल र सुखी नेपाली" भन्ने प्रलोभन दिएर सत्तासिन भएको यो सरकारबाट वास्तविक जीवनमा सकारात्मक परिवर्तन देख्न सकिएको छैन । नेपाली समाज झन् विकराल अवस्थातिर धकेलिँदै छ । यथार्थ र महत्वपूर्ण विषय त के हो भने संविधानमा उल्लेखित लोकतान्त्रिक गणतन्त्र जनताको गणतन्त्र नै होइन । यो त दलाल र नोकरशाही पुँजीपतिहरूको गणतन्त्र हो । जनताको गणतन्त्र त जन गणतन्त्र हो जुन प्राप्त भएकै छैन । यसका साथै, संघीयता आइसकेको हल्ला त गरियो, तर वास्तविक अर्थमा जनताले चाहेको संघीयता प्राप्त भएको छैन ।

सत्ताधारी पाटीले यसलाई "कम्युनिस्टहरूको ऐतिहासिक विजय"को संज्ञा दिँदै "अब समाजवादको यात्रा अघि बढेको" भन्ने प्रचारवाजीबाट क्षणिकनै भएपनि जनतामा एउटा ठूलो भ्रम सिर्जना भएको थियो । तर, यहाँसम्म आइपुग्दा जनताको सचेत तप्काले ठगिएको महशुस गर्न थालेका छन् । यो फगत एउटा ढोंग रहेछ भन्ने तथ्यको उजागर हुँदै गएको छ । समाजमा असन्तुष्टि सर्बत्र देखा परिरहेको छ ।

सरकार बनेको लगत्तै पछि २०७४ साल फागुन २५ गते देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको उच्चस्तरीय प्रतिनिधि मण्डलले बालुवाटारमा प्रधानमन्त्रीलाई राष्ट्रियता, जनतन्त्र र जन जीविकासँग सम्बन्धित ९४ बुँदे ज्ञापन पत्र बुझाएको थियो । ज्ञापनपत्र बुझ्दै प्र. म. ले यी सबै माग जायज भएका हुनाले पूरा गरिछाड्ने प्रतिवद्धता पनि जाहेर गरेका थिए । तर विडम्बना, सरकार त झन् ती मागहरूका विपरीत अघि बढिरहेको छ, मत्ता हात्तीजस्तो भएर । देशको स्थिति झन् बिकराल बन्दै गएको छ ।

महँगी बेलगाम अघि बढिरहेको छ । राज्यका तीनैवटा निकायहरू कर बृद्धि गरेर नवनिर्वाचित "जनप्रतिनिधि" को सेवा, सुविधा बढाउने काममा अघि बढेका छन् । कुनै चिजले करको दायराबाट बच्न पाएनन् । चुरे पहाड र यसको फेदीबाट भारत अनियन्त्रित रूपमा ओसारिएको बालुवा र ढुंगाका कारण हाम्रो अन्न भण्डार तराई चाँडै नै मरुभूमिमा परिणत हुँदै छ । दिन दहाडै वालिका निर्मला पन्तको बलात्कार र हत्या भयो । उनको शव र त्यतिखेर उनले लगाएका कपडा प्रहरीले नै धोएर प्रमाण नष्ट गरेका दृश्य टेलिभिजनमा देखियो । बलात्कारी र हत्यारा पत्ता लाग्ने आसा मर्दै गएको छ । तस्करीको साढे ३३ किलो सुन आजसम्म गायबै छ । शिक्षा र स्वास्थको संचालन राज्यले नै गर्नु पर्ने र यी सुविधा जनताले निःशुल्क उपभोग गर्न पाउनु पर्ने हो । तर यी क्षेत्र व्यापारीकरण र माफियाकरणको शिकार भएका छन् । बेरोजगारीको समस्या विकराल भएका कारण युवाहरूको विदेश पलायनले रेकर्ड नै तोडेको छ । गाउँ, वस्ती उजाड छन् । जमिन बाँझै छन् । तर, सरकार धेरै भन्दा धेरै युवालाई विदेश धकेलेर बढी भन्दा बढी विप्रेषण (रेमिट्यान्स) भित्र्याएर मन्त्री र सांसदहरूको सुविधा बढाउने योजनामा तल्लिन छ । वाइड बडी विमान खरिदमा भएको ४ अरब ३५ करोड ५६ लाखको भ्रष्टाचार भएको संसदकै एउटा उपसमितिले प्रतिवेदन बुझाएको छ । तर सरकार कसैलाई कारवाही गर्ने पक्षमा देखिँदैन । मेलम्ची खाने पानी आयोजनाले "आकाशको फल, आँखा तरी मर्" भन्ने नेपाली उखानलाई चरितार्थ गरिरहेको छ । दुईतिहाईका दम्भ जतासुकै प्रदर्शन गर्दै आएको यो सरकारले देशमा फासिवाद लागु गर्ने खतरा बढेको छ । विदेशी क्रिश्चियन् मिशिनरीको सम्मेलनको सहआयोजक नेपाल सरकार बनेर प्रधानमन्त्रीले त्यही संस्थाको प्रमुखबाट एक लाख डलर बक्सिस् लिएको घटनाले सर्बत्र राष्ट्रको सम्मान गुमेको महशुस गरिएको छ ।

भारत र नेपालका बीचमा विगतमा भएका असमान सन्धि सम्झौताहरू-सन् १९५० को सन्धि, सन् १९६५ को सम्झौता, बिप्पा सम्झौता, विभिन्न समयमा भएका दुई पक्षीय सम्झौता र संयुक्त विज्ञप्ति आदिको नेपाली जनताबाट लामो समयदेखि विरोधहुँदै आएको छ ।

यसका साथै नेपालको सर्वश्रेष्ठ प्राकृतिक सम्पदा जलस्रोत सम्बन्धमा गरिएका असमान सम्झौताहरू- गण्डक सम्झौता, कोशी संझौता, महाकाली सन्धि, अपर कर्णाली, अरुण तेस्रो सम्झौता आदिको विरोध पनि हुँदै आएको छ । अपर कर्णाली ठेक्का पाएको बदनाम भारतीय कम्पनी जी.एम्.आर्.ले नेपालको अपर मर्स्याङदी तेस्रो मुलुक चीनको एउटा हाइड्रो पावर कम्पनीलाई हालै बिक्रि गरेको छ । के यो नेपालको राष्ट्रिय स्वाधीनता सम्वन्धमा लज्जाजनक अवस्था होइन र ?

त्यति मात्र होइन, भारत सरकारले नेपालका सुस्ता, महेशपुर लगायत धेरै ठाउँमा हाम्रो भूमि कब्जा गर्दै आएको र ७१ ठाउँमा नेपालको सीमा मिचेको कुरा त जग जाहेर नै छ । पछिल्लो चरणमा आएर नेपालको उत्तर पश्चिम सीमामा पर्ने लिपुलेक देखि कालापानी, लिम्पियाधुरासम्मको ३७२ वर्ग किलो मिटर भूभाग गायब पारिएको नक्सा भारतले छापेर सर्वत्र फैलाएको छ । नेपालको क्षेत्रफल १,४७,१८१ वर्ग किलोमिटर भएको कुरा त विश्वभर नै स्थापित तथ्य हो । तर हालै सात प्रदेशका अलग नक्साको क्षेत्रफल जोड्दा १०,०१९ वर्ग किलोमिटर भूभाग हराएको देखिन्छ । यस प्रकारको स्थितिमा नेपालको राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र अस्मिताको रक्षा कसरी होला ?

यी सबैको लागि जिम्मेवार मुख्य रूपमा यो सरकार हो । यसका बिरुद्ध दबाबमूलक संघर्षका कार्यक्रम पनि हुँदै आएका छन् । तर यो सरकार आफैं जन विरोधी र राष्ट्रघाती भएको हुनाले ती सहीमागहरू पूरा गर्ने पक्षमा छैन । यस्तो स्थितिमा अब के गर्ने ? प्रधानमन्त्री यस कारण ढुक्क देखिन्छन् कि संविधानतः उनलाई यतिखेर कसैले हटाउन सक्दैन किनभने सरकारलाई संसदमा दुईतिहाई बहुमत प्राप्त छ । यसको अर्थ उनलाई हटाउन सकिने कुनै विकल्प नै छैन त ? यसको विकल्प हो, सडक संघर्ष र जनआन्दोलन ।

केयी सबै विकृति केवल के.पी.शर्मा ओलीको असक्षमता वा गलत प्रवृत्तिका कारण मात्र भएका हुन् त ? उनी यी सबैका लागि मुख्य रूपमा जिम्मेवार छन् । तर, उनलाई हटाएर, यही व्यवस्थाभित्रको अरु कसैलाई ल्याएर त्यो कुर्सीमा राखिएमा बीसको उन्नाइस् हुन सक्ला, त्यस भन्दा बढी केही हुन सक्दैन । यसको सच्चा विकल्प खोजिनु पर्दछ । यसका निमित्त मुख्य जिम्मेवार त प्रतिक्रियावादी राज्य व्यवस्था हो । यो पश्चगामी संविधान हो । यिनैको कारणबाट शासकहरूबाट यतिधेरै राष्ट्रघाती र जनघाती काम गर्न सम्भव भएको हो । यदि साँच्चै नेपाली समाजलाई नयाँ युगतिर लैजाने हो भने आमूल परिवर्तनको दिशामा अघि बढ्नु आवश्यक र अनिवार्य छ । यसका निमित्त यो पश्चगामी संविधान र प्रतिक्रियावादी व्यवस्थाकै विकल्प खोज्नु आवश्यक छ । यसको सही विकल्प अग्रगामी व्यवस्था हो, अहिलेको भन्दा गुणात्मक र उच्च किसिमको व्यवस्थाहो । विद्यमान लोकतान्त्रिक गणतन्त्रको अग्रगामी विकल्प संघीय जनगणतन्त्र हो । त्यसकारण, अबको संघर्ष संघीय जनगणतन्त्रको प्राप्तिका लागि हुनु पर्दछ ।

यसको निमित्त सशक्त जनआन्दोलनको आवश्यकता छ । देशभक्त जनगणतान्त्रिक मोर्चाले आन्दोलनको प्रारम्भिक कार्यक्रम निश्चित गरिसकेको छ । आगामी फागुन ७ गतेदेखि २१ गते सम्म 'मेची-महाकाली जनजागरण र जनपरिचालन अभियान' संचालन गरिने छ, जसको एकै साथ काठमाडौं, पोखरा, झापाको काँकडभिट्टा र कंचनपुरको गड्डा चौकीमा उद्घाटन गरिने छ । यसको समापन २१ गते चितवनमा भव्य जनसभामा गरिने छ । यसका साथै ऐतिहासिक जन आन्दोलनको दिन आगामी चैत्र २४ गते काठमाडौंमा विराट जनप्रदर्शन गरिने छ । विशाल जनसभाका बीच देशभक्त जनगणतान्त्रिक मोर्चाको प्रथम राष्ट्रिय सम्मेलनको उद्घाटन गरिने छ । यी सबै कार्यक्रममा यहाँहरूको व्यापक सहभागिताको लागि विशेष अनुरोध गर्दछौं । परिस्थितिको आँकलन गर्दै अगाडिको कार्यक्रमको घोषणा त्यहीबाट हुने संभावना छ ।

हामी यो आन्दोलनलाई अग्रगामी परिवर्तन चाहने सबै नेपालीको साझा कार्यक्रमका रूपमा अघि बढाउन चाहन्छौं । आउनुहोस्, फेरि अर्को ऐतिहासिक जनआन्दोलनको सृष्टि गरौं ! संघीय जन गणतन्त्र नेपालको स्थापनाको लागि अघि बढौं !!

**केन्द्रीय कार्यालय**

**देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल**

# ओली सरकारको एक वर्ष गर्ने काम एउटा, 'देख्ने सपना अर्कै'



प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो नेतृत्वमा सरकार सञ्चालन भएको एक वर्षको अवसरमा संबोधन गरे । संबोधन गर्दा आफूले प्रमको सपथ लिंदा जनताका नाममा लिएको भनी दोहर्‍याए र जनतालाई नै सम्झिरहेको बताए । जनताको स्नेह, विश्वास र भरोसा रहिरहने पनि बताए । संबोधनको सुरुमा नै कांग्रेसलाई घोचपेच गर्दै अघि बढेका प्रम ओली आफ्नो हातमा 'शासनको बागडोर' रहँदा अहिले तीन तहको संघीय व्यवस्था रहेको व्याख्या गरे । तर उनी तीनतहको संघीयता असफल गराउन लागि परिरहेका छन् । सुरुदेखि 'बयलगाडा चढेर अमेरिका नपुगिने' धरणा राख्दै गणतन्त्रको विरोध गर्दै आएका उनै ओली अहिले गणतन्त्रका दुईतिहाई प्राप्त सरकारका प्रधानमन्त्री छन् । पहिलो कुरा त, इतिहासले नेपालीमाथि मजाक गरेको छ ।

दोस्रो कुरा, नाम मात्रको भए पनि बनेको संघीयता कार्यान्वयनका लागि चाहिने ऐन नियम, कर्मचारी प्रशासन, बजेट, कामको स्वायत्तता, तथा अधिकार र दायित्व सबै संघीय वा केन्द्रीय सत्तामा ओली आफैले राखेका छन् । प्रदेश र स्थानीय तहका सरकार देखाउने तर अधिकार केन्द्रमा राखेर संघीयता असफल पार्ने काममा उनी लागि परिरहेका छन् । उनले निकै राजर्षि ठाँटमा अरुलाई 'विचरा' को अर्थमा सम्बोधन भाषण गरेका छन् ।

प्रतिपक्षले लगाएको अधिनायकवादतर्फ उन्मुखताको कुनै पनि तर्कपूर्ण आधारहरू प्रस्तुत गर्न सकिरहेका छैनन् । बरु कांग्रेसले विरोध गरेर केही पनि हुनेवाला छैन, पाँच वर्ष पर्खिनुपर्छ भन्ने आशय प्रकट गरेका छन् । यसले फासीवाद तर्फको यात्रालाई इंगित गर्छ ।

उनले उठाएका विषय र ती विषयका बचाउका लागि उनले गरिरहने तर्कले प्रम ओली केही मन्दवुद्धिका र जिकिर गरिरहने तर रूपान्तरण हुन नसक्ने पात्रका रूपमा देखा पर्दछन् । उनका ज्यान आउने र घत लाग्ने आशावादी तर्कहरू छैनन्, बरु खान नपाएकाले विरोध गरेका भन्ने रुन्चे र अत्यन्तै निम्नस्तरका घटिया तर्कहरू देखिन्छन् । राष्ट्र प्रमुखका लागि घुर्की, धम्की, चुरीफुरी र 'पाएर पो खाए' भन्ने जस्ता तर्कहरू कदापि उचित हुँदैनन् । ती सबैले इर्ष्या, पूर्वाग्रह र निम्न कोटीको सोच मात्र अभिव्यक्त गर्दछन् ।

प्रम ओली मैले के गरे भनी फूर्ति देखाउने कुरा मात्र गर्दछन् । के गराउने योजना ल्याए र कतिलाई कस्तो रूपमा परिचालन गरे भन्दैनन् । राज्यसत्ता, त्यसमा पनि संघीयताको संरचना एक जनाको फाइँफुट्टीले चल्ने कुरा पनि होइन । तर उनी जे गरे 'आफू एक्लैले गरे' र 'मेरो सरकारले गर्‍यो' भन्दै लाज नमानी संबोधन गरिरहेका छन् । उनको यो सम्बोधनको छनकमा पञ्चायतको 'लिगेसी' जोडिएको देखिन्छ । मैले गरे, मैले दिए, मैले स्वीकृत गरे, मैले गर्दैछु, मैले सोच्दै छु यावत कुरा फासिवादी अभिव्यक्तिसँग धेरै नजिक छन् ।

विकास र समृद्धिका जति पनि कुरा गरिएका छन्, ती कुराहरू कुनै पनि आत्मनिर्भर अर्थतन्त्र निर्माण र विकाससँग सम्बन्धित छैनन् । ती सबै विदेशीसँग मागिखाने, जनतासँग कर उठाएर खाने, अनुदान लिएर खाने, विदेशी पुँजी लगानीकर्ता खोज्ने र कमिसन खाने, साझेदारी गर्ने र आफन्तहरूको शेयर राख्ने, बिचौलियाहरूलाई जिम्मा दिने र हप्ता उठाउने आदि कुराहरूभन्दा देश र जनताका पक्षमा कुनै पनि कुरा छैनन् । ओली सरकारले लिएका विकास, निर्माण र समृद्धिका सबै कामहरू दलाल मोडलमा मज्जासँग ढालिएका छन् ।

देशका साधनस्रोत विदेशी गुहार गर्दै लिलाम बढाबढमा राखिएका छन् । देशका युवाहरू बेच्ने र मानव तस्करी गर्ने अधिकार सरकार आफैले आफ्नो हातमा लिएर कमिसन तथा रेमिटेन्स दुवै आफूले हसुर्न पाएकोमा निकै ठूलो उपलब्धि भनी लाजै नमानेर व्याख्या गरिएको छ । देशमा कृषि ऋण र स्वरोजगारका कुरा केवल यही मानव तस्करी गर्दा आउने प्रहारलाई छेक्ने कभरको रूपमा मात्र ल्याइएको छ । देशमा हजारौं निर्मलाका घटनाहरू त्यसै छन् । तिनलाई उठाइएकोसम्म छैन, माफी माग्ने कुरा त परै जाओस् । वाइड बडी विमान भ्रष्टाचारीहरू दायाँबायाँ राखेर भ्रष्टाचारी सहिँदैन भनेको रेडियो सुन्ने र टेलिभिजन हेर्ने जनतामा हाँसोको फोहरा छुटेको छ ।

रेल र पानी जहाजको कुरा दोहर्‍याइएको छ । तर रेल र पानी जहाज ल्याएमा जनताले के सुविधा पाउँछन्, कति सस्तोमा सामान पाउँछन् वा देशलाई राजस्व के कति फाइदा हुन्छ त्यो केही पनि बोलिएको छैन । जनताले पाउने सुविधाको बारेमा कुरै गरिएको छैन । विदेशी बन्दरगाह र केही नेपाली सामान थुपार्ने ठाउँहरू, जस्तै काठमाडौंको चोभारमा कन्टेनर फ्रेट डिपो, को नाम लिएर नेपालीहरूलाई अलमलमा पारिएको छ ।

उनले विदेश भ्रमणको प्रसंग पनि उठाएका छन् । तर जेजति उपलब्धि भयो भनेर हल्ला गरे पनि सामान्य द्विपक्षीय सम्बन्धमा समेत् कुनै फरक आएको छैन । बरु नेपालको जम्बो टिम लिएर विदेश जाँदा खानै नपाएर आएको भन्ने जस्ता विदेशीहरूले ठानिरहेका छन् ।

भूकम्प पीडितहरूका लागि भनेर आएको सामान लिलाम गरेर सरकारले खाएपछि विदेशमा राम्रो परेको छैन । उता भूकम्प पीडितहरू निकै पीडामा छन् । उनीहरूको बस्ने घरसम्म बनेका छैनन् । विद्यार्थी भर्नाका नाममा देशमा प्रधानमन्त्री लगायतले भर्ना गरिदिएका विद्यार्थीहरू विद्यालय जान छाडेका छन् । उनीहरूको घरमा खाने अन्न, लगाउने कपडा र तिर्ने फिस छैन । उनीहरूलाई 'प्रधानमन्त्रीको नानी' भनेर उल्टै खिसिटिउरीको पात्र बन्नुपरेकोमा थप पीडाबोध मात्र छ ।

सरकारको विररोध भयो भनेर सूचना तथा सञ्चारलाई नियन्त्रण गर्न खोजिएको छ । साइबर अपराधका नाममा पाँच वर्ष कैद र १५ लाखसम्म जरिवाना तोकिएको छ । यो सञ्चार नियन्त्रण गर्ने र जनतालाई त्राहिमाम पार्ने फासीवादी अभ्यासको सुरुआत हो । समग्रमा ओली सरकार फासीवादको अभ्यासमा उद्दत देखिएको छ ।

## क्रान्तिकारी...

त्यसैगरी क्रान्तिकारी माओवादी ललितपुरको आयोजनामा ललितपुरको लगनखेलमा पनि दीप प्रज्वलन गरियो । दीप प्रज्वलनमा '२४ औं जनयुद्ध दिवस-जिन्दावाद, क्रान्तिकारी माओवादी-जिन्दावाद' लगायतका नाराहरू सडकमा लेखिएका थिए । कार्यक्रमलाई पार्टीका ललितपुर सचिव श्याम केसीले सम्बोधन गरेका थिए ।

### चितवनको माडीमा गरियो रेडमार्चपाससहित सभा सम्पन्न

चितवन । क्रान्तिकारी माओवादीले चितवनको माडीमा रेड मार्चपाससहित कोणसभा भव्यताका साथ सम्पन्न गरेको छ । क्रान्तिकारीहरूको ऐतिहासिक तथा उर्वर थलो चितवन र त्यसमा पनि चितवनको माडीमा स्थानीय जनताको व्यापक सहभागितामा उक्त कार्यक्रम सम्पन्न भएको हो ।

२४औं जनयुद्ध दिवसको अवसरमा चितवनका सयौं संख्यामा क्रान्तिकारी युवा लिगका कमरेडहरू वसन्तपुर माडीमा रहेको महान् जनयुद्धको सहिदहरूको प्रतिमा परिक्रमा गरी मार्चपाससहित वसन्तपुर चोकमा पुगेपछि च्याली कोणसभामा परिणत भएको थियो ।

उक्त कोणसभालाई पार्टी केस अम्बिका मुडभरी, जिल्ला सचिव अशोक शर्मा, नेता घननाथ सापकोटालगायतले सम्बोधन गरेका थिए ।

### काभ्रे, सिन्धुली, रामेछाप, दोलखा र मकवानपुरमा पनि भए कार्यक्रम

प्राप्त समाचार अनुसार काभ्रेमा रेड मार्चपाससहित कोणसभा सम्पन्न गरिएको छ । बनेपाको चारदोबाटो हुँदै तीनधाराबाट परिक्रमा गरी नाला दोबाटोमा पुगेर च्याली कोणसभामा परिणत भएको थियो । मार्चपालाई जिल्ला सचिव टंकराम अधिकारी र देजमो संयोजक टेकबहादुर विकले सम्बोधन गरेका थिए ।

त्यसैगरी सिन्धुलीमा पनि कोणसभा सम्पन्न गरिएको छ । त्यहाँको कोणसभालाई पार्टी सचिव नविनले सम्बोधन गरेका थिए । त्यसैगरी रामेछाप, दोलखा र मकवानपुरमा पनि कार्यक्रम भएका छन् । कार्यक्रमलाई पार्टी केसहरू गणेश, पूर्णबहादुर र फुर्वाले सम्बोधन गरेका थिए ।

### सिन्धुपाल्चोकको चौतारामा पनि मनाइयो २४ औं जनयुद्ध दिवस

सिन्धुपाल्चोकको सदरमुकाम चौतारामा क्रान्तिकारी माओवादी र देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको संयुक्त आयोजनामा २४ औं जनयुद्ध दिवस भव्य रूपमा मनाइयो । कार्यक्रममा शुभकामना आदानप्रदानका साथै सहिदहरूको फोटामा माल्यार्पण पनि गरियो । मोर्चाको सिन्धुपाल्चोक संयोजक तिलक श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रमलाई पार्टी केस तथा इञ्चार्ज सानु, मोर्चाका केस शिव श्रेष्ठले शुभकामनासहित मन्तव्य राखेका थिए ।

यसैबीच, मोर्चाको बैठकले फागुन १० गतेबाट जिल्लाव्यापी संगठन निर्माण अभियान सञ्चालन गरिने बताएको छ । देजमो जिल्लाका संगठनहरू निर्माण र जिल्ला भेलाका सबै कार्यक्रमहरू चैत्र २४ मा हुन गइरहेको देजमो नेपालको राष्ट्रिय सम्मेलनलाई केन्द्रित गरी गरिन थालिएको बताइएको छ ।

मोर्चाको भेला आयोजक समितिमा संयोजक तिलक श्रेष्ठ र सदस्यहरूमा दानबहादुर श्रेष्ठ, खड्क बहादुर थापा, राजु खड्का, सञ्जय तामाङ, सूर्य तामाङ, होमकुमारी तामाङ, कमला श्रेष्ठ र विष्णु लामा गरी ९ जना सदस्य रहेका छन् ।

### चपुर र गोलबजारमा रेड मार्चपाससहित सभा सम्पन्न

*शिवसंकर पाण्डे/रौतहट*

२४ औं जनयुद्ध दिवसको अवसरमा क्रान्तिकारी माओवादी रौटहटका आयोजनामा जिल्लाका चन्द्रनिगाहपुरमा रेडमार्चपास सहित भव्य रूपमा सभा सम्पन्न भएको छ । पार्टीका स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय अध्यक्ष समेत रहेका नेता सीपी गजुरेलले सम्बोधन गरेको सभामा जनसमुदायसमेतको उल्लेख्य सहभागिता रहेको थियो ।

ड्रेससहित रेड मार्चपास चपुर नगर परिक्रममा गरी सभामा परिणत भएको थियो । सभालाई पार्टी पीविएम कृष्णदेव सिंह दनुवार, युवा नेता गंगा महतो, पार्टी बारा इन्चार्ज पवन पटेल, रौतहट पार्टी सचिव प्रल्हाद साह, बाराका सचिव परमानन्द साहलगायतले सम्बोधन गरेका थिए । गंगा यादवले सभापतित्व गरेको कार्यक्रमको सञ्चालन कमरुलले गरेका थिए ।

त्यसैगरी २ नं. प्रदेशको सिरहाको गोलबजारमा पनि रेड मार्चपाससहित सभा भव्य रूपले सम्पन्न भएको छ । यहाँको सभालाई पार्टी स्थायी समिति सदस्य प्रतिकले सम्बोधन गरेका थिए । सभाअघि ड्रेससहितको रेड मार्चपासले गोलबजार नगर परिक्रमा गरेको थियो ।

कार्यक्रममा पार्टी पीविएम कमल चौधरी, केसहरू जितेन्द्र सिंह, महेश यादव, मोर्चाका केस रामनारायण सिंहलगायतको उपस्थिति रहेको थियो । यहाँको कार्यक्रममा पनि जनसमुदायको समेत सहभागिता रहेको थियो ।

### मशाल जुलुस, रेड मार्चपास, सभा र भेला सम्पन्न

*मधुकर थापा/नरेश राउत*

२४ औं जनयुद्ध दिवसमा क्रान्तिकारी माओवादीले १ नं. प्रदेशको झापा, मोरङ र भोजपुरमा मसाल जुलुस सम्पन्न गरेको छ । भोजपुरमा पत्रकार सम्मेलन समेत गरिएको थियो । जनयुद्ध दिवसकै अवसर पारेर उदयपुरमा पार्टी जिल्ला भेला सम्पन्न गरिएको छ भने रेड मार्चपाससहित जिल्लाको सदरमुकाम गाईघाट स्थित पिपल चोकमा कोणसभा सम्पन्न गरिएको छ । कोणसभालाई पार्टी केस तथा जिल्ला इन्चार्ज मिनकुमार लगायतका नेताहरूले सम्बोधन गरेका थिए ।

यसैबीच, २४ औं जनयुद्ध दिवसको अवसर पारेर गरिएको उदयपुरको भेलाले पार्टीको जिल्ला सेक्रेटरीमा शंकर पौडेललाई निर्वाचित गरेको छ । भेलाले शंकरको नेतृत्वमा २५ सदस्यीय जिल्ला समिति निर्वाचित गरेको हो । पार्टीका स्थायी समिति सदस्य तथा पार्टी प्रवक्ता प्रतिकको प्रमुख आतिथ्यतामा सम्पन्न भेलामा पार्टी केस तथा उदयपुर जिल्ला इन्चार्ज मीनकुमार, केस अमर, निवर्तमान सेक्रेटरी संरचना लगायतका नेताहरूको उपस्थिति रहेको थियो ।

त्यसैगरी सुनसरीको इटहरीमा मार्चपाससहितको सभा सम्पन्न गरिएको छ । सभालाई पार्टी केस तथा सुनसरी इन्चार्ज मनोज लगायतका नेताहरूले सम्बोधन गरेका छन् । ओखलढुंगामा पनि मार्चपासहित कोणसभा गरिएको र कोणसभालाई पार्टी केस आदर्श, जिल्ला सचिव पर्वत लगायतले सम्बोधन गरेका छन् । अन्य जिल्लामा भने सामान्य भेटघाट गरी जनयुद्ध दिवस मनाइएको छ ।

### कास्की र नवलपुरमा सभा भव्य रूपमा सम्पन्न

क्रान्तिकारी माओवादी कास्की जिल्ला समितिको आयोजनामा २४ औं जनयुद्ध दिवस भव्य रूपमा पोखरामा सम्पन्न भयो । उक्त कार्यक्रमलाई प्रमुख अतिथि क्रान्तिकारी माओवादीका पोलिटब्युरो सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल ४ नम्बर प्रदेशका संयोजक केशवहादुर परियारले सम्बोधन गरेका थिए ।

उक्त कार्यक्रममा क्रान्तिकारी माओवादी केन्द्रीय सदस्य तथा कास्की जिल्ला इन्चार्ज रामजी थापा, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल केन्द्रीय सदस्य भीमबहादुर श्रीस, तमु मोर्चाका केन्द्रीय सदस्य टेकबहादुर गरुङ्ग, महिला मोर्चाकी केन्द्रीय सदस्य कल्पना थापा, देजमो, नेपाल कास्की जिल्ला अध्यक्ष भोजराज त्रिपाठी, ईश्वर शास्त्री लगायतले बोल्नु भएको थियो । उक्त कार्यक्रममा रामबहादुर पुन, प्रेम बि.क., डिलकुमारी पुन, इन्द्र गरुङ्गलगायतको उपस्थिति रहेको थियो ।

कास्की जिल्ला सेक्रेटरी कर्णबहादुर पुनको अध्यक्षतामा भएको उक्त कार्यक्रमको सञ्चालन उर्मिला श्रीसले गरेकी थिइन् । कार्यक्रमको स्वागत विना बुढाथोकीले गरेकी थिइन् ।

नवलपरासी (पूर्व), नवलपुरबाट प्राप्त समाचार अनुसार २४ औं जनयुद्ध दिवसको अवसरमा नवलपुरको कावासोती फलफुल बजारमा सभा सम्पन्न गरिएको छ । सभापूर्व सहिदको शालिकमा माल्र्यापण गरिएको थियो । सभालाई पार्टी केस हस्तबहादुर केसी, केस तथा नवलपुर इन्चार्ज अनुकूल, क्रान्तिकारी युवा लिगको केन्द्रीय संयोजक अमिर महर्जन, देजमो नवलपुर संयोजक लगायतले सम्बोधन गरेका थिए । कार्यक्रमको सञ्चालन क्रान्तिकारी पत्रकार महासंघका केन्द्रीय उपाध्यक्ष समेत रहेका नारायण पंगेनीले गरेका थिए ।

४ नं. प्रदेशका अन्य जिल्लाहरू बाग्लुङ, तनहुँ, गोरखा, पर्वत लगायतका जिल्लाहरूमा पनि विभिन्न कार्यक्रम गरी जनयुद्ध दिवस मनाइएको सम्बद्ध स्रोतले बताएको छ ।

### ५ नं. प्रदेशमा भव्य रूपमा गरियो रेड मार्चपास र सभा

*राजु भुजेल*

बुटबल । क्रान्तिकारी युवा लिगको आयोजनामा बर्दियाको गुलरियामा आयोजना गरिएको रेड मार्चपास र सभा भव्य रूपमा सम्पन्न भएको छ । कम्ब्याट ड्रेस सहित सडकमा निस्किएका युवाहरूको रेड मार्चपास गुलरिया बजार परिक्रमा गरी सभामा परिणत भएको थियो सभालाई पार्टी पीविएम तथा देजमो ५ नं. प्रदेश संयोजक केवी गुरुङ, केस तथा बाँके-बर्दिया इन्चार्ज भुपेन्द्र न्यौपाने लगायतका नेताहरूले सम्बोधन गरेका थिए ।

यसैबीच, जनयुद्ध दिवसकै सन्दर्भ पारेर देजमो बर्दियाको सम्मेलन सम्पन्न गरिएको छ । सम्मेलनले विक्रम भण्डारीको नेतृत्वमा १७ सदस्यीय मोर्चाको जिल्ला कमिटि निर्माण गरेको छ ।

त्यसैगरी क्रान्तिकारी युवा लिगले रूपन्देहीले बुटवलबाट सुरु गरेको रेड मार्चपास भैरहवाको देवकोटा चोक, बैंक रोड, मिलनचोक हुँदै बुद्ध चोकमा पुगेर सभामा परिणत भएको थियो । सभालाई प्रमुख अतिथिको रूपमा पार्टी पोलिटब्यूरो सदस्य एवं ५ नं. प्रदेश संयोजक प्रेमनाथ सुवेदी, पार्टीका केन्द्रीय सल्लाहकार भुलबहादुर सुनारीलगायतका नेताहरूले सम्बोधन गरेका थिए । कार्यक्रमको सञ्चालन मोजिब अलिले गरेका थिए ।

दाङबाट प्राप्त समाचार अनुसार दाङमा पनि जनयुद्ध दिवसको अवसरमा रेड मार्चपास र कोणसभा सम्पन्न गरिएको छ । सभालाई पार्टी केस तथा दाङ इन्चार्ज हिरामणि दुःखी लगायतका नेताले सम्बोधन गरेका थिए ।

नवलपरासी, कपिलवस्तु, प्यूठान, गुल्मी, पाल्पा, अर्घाखाँची लगायतका जिल्लाहरूमा पनि विभिन्न कार्यक्रम गरी जनयुद्ध दिवस मनाइएको बुझिएको छ ।

### दैलेखमा देजमो र सहिद तथा वेपत्ता योद्धा परिवार समाजको सम्मेलन तथा भेला सम्पन्न, रेड मार्चपास र दीप प्रज्वलन

२४औं जनयुद्ध दिवसको अवसर पारेर नारा जुलुससहित देजमो नेपालको प्रथम जिल्ला सम्मेलन र सहिद तथा वेपत्ता योद्धा परिवार समाजको जिल्ला भेला सम्पन्न गरिएको छ । पार्टीका केस तथा कर्णाली प्रदेश निमित्त सचिव कृष्ण गुरुङको प्रमुख आतिथ्यता र केस तथा दैलेख इन्चार्ज दिपकबहादुर शाहीको विशेष आतिथ्यतामा सम्पन्न सम्मेलन तथा भेलामा पार्टीका केन्द्रीय सल्लाहकार सदस्य जयबहादुर शाही 'प्रर्शिद', नेपाली कंग्रेसका सह-सचिव रत्न शाही, एकल महिला र साझा चौतारीका दैलेख अध्यक्ष रत्ना रेग्मी, जनयुद्धका घाइते गणेश खड्का 'बजिर', सहिद तथा वेपत्ता योद्धा परिवार समाज नेपालका अध्यक्ष गणेशप्रसाद रिजाल, र सहिद परिवारका तर्फबाट केहेर सिंह बुढामगर लगायतले शुभकामना दिएका थिए । सम्मेलनको अध्यक्षता दैलख पार्टी सचिव विरेन्द्र सिंहले गरेका थिए भने संचालन पार्टी प्रदेश समिति सदस्य तथा सहिद तथा वेपत्ता योद्धा परिवार समाजका कर्णाली प्रदेश संयोजक भरत रेग्मी "रोशनी"ले गरेका थिए ।

सम्मेलनले मोहन शाहीको नेतृत्वमा १५ सदस्यीय जिल्ला समिति निर्वाचित गरेको छ । त्यसैगरी समाजको भेलाले गणेशप्रसाद रिजालको नेतृत्वमा ११ सदस्यीय सहिद तथा वेपत्ता योद्धा परिवारको जिल्ला समिति निर्वाचित गरेको छ ।

कार्यक्रममा जनयुद्धका सहिद, वेपत्ता योद्धा परिवार, घाइते लगायत ५० भन्दा बढीलाई दोसल्ला ओढाई अभिनन्दन गरिएको थियो । साँझपख दीप प्रज्वलन समेत गरिएको थियो ।

### धनगडीमा गरियो रेड मार्चपास र भव्य सभा सम्पन्न

*धनञ्जय अवस्थी*

कञ्चनपुर । क्रान्तिकारी माओवादीको सुदूरपश्चिम प्रदेशको आयोजनामा कञ्चनपुरको धनगढीमा रेड मार्चपास र सभा भव्य रूपमा सम्पन्न गरिएको छ । एलएम चोकबाट सुरु भएको मार्चपास चौराहा चोकमा पुगेर सभामा परिणत भएको थियो । सभालाई पार्टी पिबिएम तथा सुदूरपश्चिम प्रदेशका सचिव अटल, देजमोका प्रदेश संयोजक रामबहादुर केसी, कञ्चनपुर, कैलालीका पार्टी सचिव लगायतका नेताहरूले सम्बोधन गरेका थिए । कार्यक्रममा जनसमुदायको समेत सहभागिता रहेको थियो । यो प्रदेशका बझाङ, डडेलधुरालगायतका जिल्लामा पनि जिल्लाको सापेक्षतामा मार्चपासलगायतका कार्यक्रम गरी जनयुद्ध दिवस मनाइएको छ ।

## क्रान्तिकारी युवा...

नेकपा (क्रान्तिकारी माओवादी) का स्थायी समिति सदस्य तथा देजमो नेपालका अध्यक्ष कमरेड सीपी गजुरेल 'गौरव'द्वारा उद्‍घाटित उक्त समारोहमा वैचारिक तथा राजनीतिक प्रशिक्षण कार्यक्रम पनि समावेश थियो । उक्त प्रशिक्षण कार्यमका विषय वस्तुहरूमा मालेमावादका आधारभूत सिद्धान्त, संघटक अंगहरू थिए । प्रशिक्षण विधागत हिसावले मार्क्सवादका तीन संघटक अंग- दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादका समग्र विषयवस्तुहरूमा प्रशिक्षण दिइएको थियो ।

नेकपा (क्रान्तिकारी माओवादीका) केन्द्रीय सदस्य एवम् केन्द्रीय पार्टी स्कुल विभागका सचिव तथा केन्द्रीय प्रशिक्षक हस्तबहादुर केसीद्वारा मार्क्सवादी दर्शन अन्तगरत द्वन्द्वात्मक भौतिकवाद, ऐतिहासिक भौतिकवाद, साम्राज्यवाद र सर्वहारावर्गीय युगको दर्शन, ऐतिहासिक कार्यभारबारे समग्र विषय र वैज्ञानिक समाजवादबारे प्रशिक्षार्थीहरूलाई प्रशिक्षण दिइएको थियो ।

त्यसै गरी, पार्टीका केन्द्रीय सदस्य एवम् पूर्वी नवलपरासी जिल्ला इन्चार्ज अशोक लम्साल 'अनुकूल'ले वैज्ञानिक समाजवादका विषयमा र पार्टीका केन्द्रीय सदस्य तथा क्रान्तिकारी युवा लिग, नेपालका केन्द्रीय अध्यक्ष कमरेड अमीर महर्जन 'आकाश' ले राजनीतिक अर्थशास्त्रका विषयमा प्रशिक्षण दिएका थिए ।

प्रदेश नम्बर ४ (गण्डकी प्रदेश) का अधिकांश जिल्लाहरूबाट सहभागी भएका क्रान्तिकारी युवा लिगका युवाहरूलाई अमीर महर्जन 'आकाश' र प्रदीप थापाले मार्शल आर्टका साथै अन्य शारीरिक व्यायामबारेमा प्रीशिक्षण दिएका थिए ।

# राष्ट्रपति ट्रम्पले संकटकाल लगाए



काठमाडौं अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले देशमा संकटकालको घोषणा गरेका छन् । अमेरिकी संविधानअनुसार घरेलु संकट र आपत् बिपद्का बखतमा मात्र लगाइने भनी गरिएको संवैधानिक व्यवस्थाविपरीत ट्रम्पले  लगाएको संकटकालको अमेरिका र विश्वभर टीकाटिप्पणी भइरहेको छ। यो संकटकाललाई अमेरिकामा राष्ट्रिय संकटकालको नाम दिइएको छ । यो संकटकाल मेक्सिकोसँग जोडिएको अमेरिकी सिमानामा पर्खाल निर्माणका लागि ट्रम्पले अमेरिकी उपल्लो तथा तल्लो सदनसँग बजेट माग गर्नका लागि आफैमा स्पष्ट रहेको छ ।

अमेरिकी संविधान र ऐनमा राष्ट्रिय संकटकालसम्बन्धी व्यवस्था निकै गम्भीर राष्ट्रिय संकट निम्तिएमा मात्र लगाउन सकिने व्यवस्था भएको जानकारहरूले बताउने गरेका छन् । राष्ट्रपति ट्रम्पले भने अमेरिकामा आप्रवासीका कारण संकट नै निम्तिएको बताउँदै आएका छन् । हाल देशको दक्षिणी सीमानामा पर्ने छिमेकी देश मेक्सिकोबाट आप्रवासीको लश्कर पटकैपटक अमेरिका प्रवेश गरिरहने भएकाले संकट आइपरेको बताउँदै आएका छन् । तर उनको यो भनाइलाई जानकार तथा विज्ञहरूले अस्वीकार गर्दै उनको तर्क खण्डन गर्ने गरिरहेका छन् ।

अमेरिकामा जनताका लागि दिइने सेवा सुविधाका कारण विदेश तथा छिमेकी देशहरूबाट गैरकानुनी आप्रवासन निकै ओइरिने गरेको छ । अमेरिकी महादेशमा रहेका अन्य देशहरूको तुलनामा संयुक्त राज्य अमेरिकामा सबैभन्दा ठूलो आप्रवासी समस्या रहने गरेको छ । मानिसहरू प्रवेशाज्ञा वा भिसाको म्याद सकिएपछि पनि त्यही लुकेर बसिरहेका पाइन्छन् ।

सन् २०१६ को अमेरिकी राष्ट्रपतिय निर्वाचनमा ट्रम्पले सीमा पर्खाल निर्माणको कुरा आफ्नो चुनावी नारा बनाएका थिए । यो नारा जसरी भए पनि आफू प्रतिबद्ध भएको ट्रम्प देखाउन चाहन्छन् । अमेरिकी सदनहरूमा आफ्नो बहुमत नपुग्ने भएपछि अनेकन पर्यत्न गर्दा पनि उनी पर्खाल निर्माणको बजेट जुटाउन वा पास गर्न सफल हुन ससकेनन् । हरेक प्रयत्नका बाबजुद उनी असफल भएपछि उनी राष्ट्रिय संकटकालको सहारा लिन पुगेका देखिन्छन् ।

संकटकाल घोषणाले ट्रम्पलाई विशेष बल पुग्ने र उनले राजनीतिक प्रक्रिया छलेर भएपनि आफूले गरेको वाचा पूरा गरी छाड्ने दाउँमा उनी पुगेका देखिन्छन् । त्यो हो, सेना तथा अन्य राहत बजेट प्रयोग गरेर भए पनि मेक्सिकोको सीमानामा पर्खाल उठाइ छाड्ने । अमेरिकी इतिहासतिर फर्केर हेर्ने हो भने यो घरेलु मामलामा लगाएको पहिलो संकटकल हो । योभन्दा पहिले विदेश मामलामा मात्र संकटकाल लगाइएको छ ।

यसले राष्ट्रपति तथा प्रतिपक्षीका बीचमा ठूलै विवाद सिर्जना गरेको छ। तर पनि राष्ट्रपति ट्रम्पले विपक्षीको बहुमत वास्ता नै नगरी सीमा सुरक्षाको प्रश्न उठाएर यो कदम चाल्न पुगेका छन् । यसमा राष्ट्रपतिले आफ्नो संकटकालीन अधिकार प्रयोग गर्न खोजिएको देखिन्छ ।  लागि भन्दै यो शक्ति प्रयोग गर्न खोजेको देखिन्छ । यसलाई सत्ता र शक्तिको दुरूपयोग गरिएको भनेर विपक्षीहरूले गम्भीर आरोप उनीमाथि लगाएका छन् ।

जुनसुकै मनसायले संकटकाल लगाइए पनि प्रतिपक्षीहरू अमेरिकी संसदमा पर्खाल खर्च विधयेक पारित गर्न तयार देखिएका छैनन् । बरु ट्रम्पको संकटकाल घोषणा विरुद्ध अदालतमा चुनौति दिने प्रतिपक्षी डेमोक्र्याटहरूले बताउँदै आएका छन् ।

संकटकालीन अधिकार प्रयोग गरेर पनि राष्ट्रपति ट्रम्पले मेक्सिको सीमानामा पर्खाल खडा गर्नका लागि लाग्ने आठ अर्ब डलर जुटाउन भने हम्मेहम्मे पर्ने देखिएको छ। यो बजेट अत्यावश्यक सैन्य खर्च, लागुऔषध तस्करी नियन्त्रण तथा डोनेशनबाट जम्मा गरिने अनुमान गरिएको छ ।

# ज्यान मार्ने धम्कीपछि पशुपति शर्माले युट्युबबाट हटाए 'लुट्न सके लुट'

काठमाडौं । चर्चित गायक पशुपति शर्माले 'लुट्न सके लुट कान्छा लुट्न सके लुट, अरु देशमा पाइँदैन नेपालमै हो छुट' लगायतका व्यङ्ग्यात्मक शैलीमा नेपालमा बढिरहेको भ्रष्टाचार बेथितिका बारेमा लेखिएको नयाँ गीत उनले युट्यूबबाट हटाएका हुन् ।

आफूले कुनै पनि राजनीतिक दललाई लक्षित गरेर गीत नल्याएको भए पनि कसैलाई अप्ठेरो परेको भए क्षमा माग्ने पनि गायक शर्माले बताएका छन् । आफूले नेपालमा बढ्दो विसंगति र विकृतिको उजागर मात्रै गर्न खोजेको बताउँदै शर्माले यही गीतलाई परिमार्जन गरेर छिट्टै बजारमा ल्याउने पनि जानकारी दिएका छन् ।

ओली पक्षीय कार्यकर्ताको तीव्र आक्रोश र दबाबपछि युट्यूबबाट हटाइएको छ । गीत भाइरल भएपछि नेकपासम्बद्ध कार्यकर्ताहरूले सामाजिक संजालमा पशुपति शर्मा बहिस्कार अभियान चलाएका थिए भने युवासंघ नेपाल नामको फेसबुक पेजबाट उनीबिरुद्ध धम्की दिएर बक्तब्य निकालिएको थियो ।

यस्तै शर्माको गीतले बालुवाटारमा खैलाबैला भएको भन्दै अनलाइनहरूमा समाचार प्रकाशित भएको थियो ।

यस्तो छ पशुपति शर्माको स्टाटस- "*आदरणीय श्रोता एवं दर्शकवृन्द, साथै मेरा प्यारा शुभचिन्तकज्यूमा सादर नमस्कार । हिजो रिलिज भएको मेरो 'लुट्न सके लुट कान्छा' भन्ने गीतमा यहाँहरूले देखाउनु भएको सहभागिताका लागि हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।*

*तर त्यही गीतमा प्रयोग भएका केही शब्दहरूलाई लिएर विरोध सिर्जना गर्न खोजिएकाले म आफ्नो कुरा यहाँहरूसमक्ष राख्न गैरहेको छु । सर्वप्रथम त म यहाँहरूलाई जानकारी गराउन चाहान्छु कि म राजनीतिलाई त्यति गहिराइबाट बुझ्दिनँ । तर सुशासन कायम हुनुपर्छ र देशमा विसंगति व्याप्त हुनु हुँदैन भन्ने कुरामा म सचेत छु । मेरो गीतले विसंगतिलाई व्यङ्ग्य गरोस् भन्ने मेरो एकमात्र ध्येय थियो । मैले कुनै राजनैतिक आग्रह या पूर्वाग्रह पालेर त्यो गीत बनाएको पनि होइन र कुनै राजनैतिक दल या संस्थासँग मेरो कुनै किसिमको पूर्वाग्रह पनि छैन ।*

*तर गीतमा समावेश केही शब्दहरूमा मेरा केही शुभचिन्तकहरूको असन्तुष्टि रहन गएकोले जुन-*




*जुन शब्दमा असन्तुष्टि देखियो म ती शब्दहरूलाई परिमार्जन गर्न गैरहेको छु । केही समय लाग्ला, जुन शब्दमा असन्तुष्टि देखियो ती शब्दहरूलाई फेर्नु मेरो पनि दायित्व हो भन्ने सम्झिएको छु । सुझाव दिनुहुने राजनैतिक व्यक्तित्वहरू, मेरा अग्रज एवं समकालीन साथीहरूलाई म धन्यवाद दिन चाहन्छु साथै कुनै शब्दले कुनै संस्था विशेष या कुनै दल अथवा समुदाय विशेषलाई अप्ठेरो पारेको खण्डमा म अन्तर हृदयदेखि माफी चाहान्छु ।*

*मेरो नियत कसैको चित्त दुखाउने नभई केवल विसंगतिमाथि प्रहार गर्नु र विकृतिको उजागर गर्नु मात्र थियो यसमा म पुनः प्रष्ट पार्न चाहन्छु । अहिले डिजिटल प्लेटफर्म युट्यूबमा रहेको गीतलाई परिमार्जनसहित पुनः लिएर आउने वाचा गर्दै अहिले बजिरहेको गीत युट्यूबबाट मैले हटाउने निर्णय गरेको छु ।*

*र अन्त्यमा, म पनि यही देशको एक सचेत नागरिक साथै कलाकार भएको नाताले देशमा विद्यमान भ्रष्टाचार, घुसखोरी र जिम्मेवारहरूको अकर्मण्यताविरुद्ध आवाज उठाउन पाउने मेरो नैसर्गिक अधिकार हो भन्ने कुरामा म दृढ रहेको कुरा पनि दोहोर्याउन चाहन्छु । धन्यवाद ।"*

**यस्ता छन् पशुपति शर्माका गीतका शब्दहरू**

"हाम्रो घरको एउटा भाई स्थायी शिक्षकमा लड्यो ,
स्थायी शिक्षक हुन्छु भनी पढ्नसम्म पढ्यो ।
बल्ल बल्ल नाम निकाल्यो, अहिले जागीर खान्छ ।
त्यसकै छोरो पढ्न भनी बोर्डिङ स्कुल जान्छ ।
लुट्न सके लुट कान्छा लुट्न सके लुट ।
अरु देशमा पाइदैन, नेपालमै हो छुट ।
डाक्टरले नि जागिर यहाँ सरकारी कोटामा खान्छन् ।
विरामी जाँच्न फेरी क्लिनिक तिर तान्छन् ।
हाम्रा गाउँको अर्को भाइले सुब्बामा जागिर खायो ।
दुई वर्षमै घर ठड्यायो कहाँड पैसो आयो ।
लुट्न सके.........

गणतन्त्र ल्याएम भन्छन् , फालेम भन्छन् राजा ।
त्यै फालेका राजा जस्ता कयौं निस्के आज ।
जनताको मुटुभित्र काँडा कति कति ।
डेढ अर्बको हेलिकप्टर चढ्छिन राष्ट्रपति ।
लुट्न सके.....

वाइडबडी जहाज किने अरे , लुट्नसम्म लुटे ।
सुन काण्ड खोइ कहाँ पुग्यो ? जेलमै छन् कि छुटे ।
ठुलै नेता भ्रष्टाचारी , नडराउँछन् लुक्छन् ।
कार्यकर्ता केही बोल्दैनन् , कुकुर जस्तै भुक्छन् ।
लुट्न सके..


हजुरबा नि यसै मरे , बाउ नि यसै मर्छन् ।
हाम्रो पनि त्यही हो गति , विकास कैले गर्छन् ?
गर्नी काम केही होइन , ठूला ठूला भाषण ।
स्वर्गजस्तो देशमा आज यमराजको शाशन ।
लुट्नसके ...

सडकतिर त्यस्तै जात्रा, ट्राफिक लाइट छैन ।
ट्राफिक पुलिस सिठी फुक्छ , कोहीले सुन्ने होइन ।
त्यति जाबो ट्राफिक लाइटलाई कति लाग्छ खर्च ।
हाम्ले भन्न पर्नी हो कि ? आँफै बुझ्न पर्छ ।
लुट्न सके ..

ठेकेदारले नि टेण्डर पार्छ , लिन्छ ठेक्का पट्टा ।
झनै विजोग पार्छ छोड्छ काम भ्याउनुको सट्टा ।
यता गयो लुटेकैछन् , लुट्छन् उता गयो ।
सब जनालाई लुट्नै पर्छ भन्नी मात्रै भयो ।
लुट्न सके....

डाङ डुङ गर्ने हल्ला गर्ने ठूला मान्छे बन्छन् ।
तँलाई सोझो भन्दैनन् है , नामर्द हो भन्छन् ।
अब गर्न छोड्दे कान्छा आदर्शको खेती ।
केही न केही त बुझिस् होला भने पछि यति ।
लुट्न सके ..."

# राजकुमारीका कारण बिथोलिएको थाइ राजनीति



काठमाडौं । पूर्व थाइ राजकुमारी उबोलरतना राजनीतिमा आउने चर्चाले थाइ राजनीति निकै तातियो । राजतन्त्र रहेको थाइल्याण्ड पूर्व राजकुमारीको प्रजातान्त्रिक राजनीतिक अभ्यासमा देखिएको चासोले सबैको ध्यानाकर्षण गऱ्यो । प्रक्रियाका हिसाबले उनको चाहना र व्यवहारले राजतन्त्रमाथि नै चुनौती खडा गरिदियो । यो चानचुने राजनीतिक मुद्दा थिएन थाइल्याण्डका लागि ।

दक्षिणपूर्वी एसियाली देश थाइल्यान्डमा धर्म र राजतन्त्रलाई राष्ट्रिय एकताका रूपमा लिन्छन् । त्यहाँको सेना निकै बलशाली छ । जनताले पटकपटक निर्वाचनमार्फत लोकतान्त्रिक रूपमा आफ्ना प्रतिनिधिलाई चुने पनि सेनाले सैन्य कु गरी फालिदिएको छ । प्रजातान्त्रिक सत्ता सञ्चालनका लागि सेना तगारो बन्दै आएको छ भने सेनाका लागि प्रजातान्त्रिक अभ्यास निकै समस्या बन्न पुगेको छ। यतिबेला थाइल्यान्डमा सेनाका प्रमुख प्रयुत चान ओचाको सैन्य सरकार क्रियाशील छ।

चान ओचाको सैनिक सरकारले आगामी २४ मार्चमा प्रजातान्त्रिक निर्वाचन गराउन लागेको छ। यसलाई लोकतन्त्र बहालीको माध्यम ठानिएको छ । पूर्व थाई राजकुमारी आगामी आमनिर्वाचनमा प्रधानमन्त्रीको उम्मेदवार बन्न ईच्छा जाहेर गर्नाले राजतन्त्र भर्सेस राजकुमारी जस्तो हुन गयो । आखिरमा राजकुमारी प्रकरण जनमतमा परिणत हुन गयो । यसले विदेशी शक्तिका लागि खेल्ने बलियो आधार प्रदान गऱ्यो ।

सुरुमा सामान्य रूपमा देखिएको यो कुरा पछि प्रकरण जस्तो बन्न गयो । यसको समाधानका लागि राजा आफैले कदम चालेर समाधान खोज्नु पर्ने भयो । पूर्वराजा स्वर्गीय भूमिबोल अदुल्यादेजलाई त्यहाँका जनताले भगवानका रूपमा सम्मान गर्दथे । संसारकै सबैभन्दा लामो समयसम्म राष्ट्रप्रमुखको रूपमा उनी राजगद्दीमा रहे । तिनै भूमिबोलकी जेठी छोरी राजकुमारी उबोलरत्ना माहिदोनलाई आगामी निर्वाचनमा पूर्वप्रधानमन्त्री थाक्सिन सिनावात्राको पार्टीले प्रधानमन्त्रीको उम्मेदवारका रूपमा अघि सारेको थियो ।

अहिले यसको समाधान भइसकेको छ । पूर्व राजकुमारी उबोलरतना उम्मेदवार नहुने भनेर आफ्नो उम्मेदवारी फिर्ता लिएकी छन् ।

# निर्वाचनको पूर्वसन्ध्यामा नाइजेरियामा ६६ जनाको हत्या

काठमाडौं । नाइजेरियामा राष्ट्रपतीय निर्वाचनको पूर्वसन्ध्यामा अज्ञात बन्दुकधारीहरूले ६६ जनताको हत्या गरेका छन् । देशमा निर्वाचनको माहौल बन्दै गर्दा भएको यो अमानवीय घटनाको सर्बत्र विरोध गरिएको छ। यो हत्या सरकारी अधिकारीहरूका अनुसार शुक्रबार भएको थियो ।

घटना साम्प्रदायिक खालको रहेको छ । नाइजेरियाली सरकारका प्रवक्ता साम्युअल अरुवानले मृत्यु भएका मध्ये २२ जना बालबालिका रहेको बताएका छन् । मारिएकामध्ये १२ जना महिला रहेका बताइएको छ । उनका अनुसार आक्रमणकारीहरू को थिए र उनीहरूले आक्रमण गर्नुको उद्देश्य के थियो, त्यो पनि थाह नभएको बताएका छन् ।

नाइजेरियाली सरकारले यस घटनापछि देशव्यापी रूपमा सुरक्षा सतर्कता बढाएको छ । घटना घटेकै स्थलमा पनि सुरक्षाकर्मीहरूको बाक्लो परिचालन, निगरानी र अनुसन्धान भइरहेको बताइएको छ। नाइजेरियाली सरकारका अनुसार अनुसन्धान कार्य तीब्रतामा गरिएको छ ।

नाइजेरियाली सुरक्षाकर्मीहरूले घटनास्थलबाट केही मानिसहरूलाई कब्जामा लिए पनि उननीहरू नै दोषी र सहभागीहरू हुन् भन्ने एकिन नभइसकेको बताइएको छ । नीहरूलाई केवल आशङ्कित व्यक्तिका रूपमा नियन्त्रणमा लिइएको पनि बताइएको छ।

यो घटनाको साम्प्रदायिक लक्षण देखिएपछि स्थानीय सामुदायिक, परम्परागत र धार्मिक अगुवाहरू निकै चिन्तित देखिएका छन् । उनीहरूले शंकाका आधारमा हिंसा भड्कन नदिनका लागि सामुहिक प्रयासहरू गरिरहेका छन् ।

यो अमानवीय घटना पछि नाइजेरियामा तय गरिएको राष्ट्रपतीय निर्वाचन एक हप्ता पछाडी सारिएको छ । यो निर्वाचन फेब्रुअरी २३ मा गरिने सूचना जारी गरिएको थियो ।

# नयाँ तरंग र ध्रुवीकरणको केन्द्र भेनेजुएला

काठमाडौं । भेनेजुएली ल्याटिन अमेरिकी देश हो । यसले आफूलाई समाजवादी दिशातिर अघि बढिरहेको दाबा गर्दछ । त्यसैले अहिले समाजवादी भएको दावा गर्ने देश दाबी गर्ने भेनेजुएला र पुँजीवादी साम्राज्यादी देश अमेरिकाका बीचमा खिचातानी पैदा भएको छ ।

प्राकृतिक श्रोतसाधनमा धनी भएपनि राजनीतिक कारणले अस्थिरता पैदा भइरहेको छ । यो अस्थिरताले त्यहाँको आर्थिक जीवनलाई निकै प्रभाव पारेको छ । अहिले आर्थिक रूपमा होइन, राजनीतिक रूपमा देशभित्र संघर्ष चलिरहेको छ । त्यो पनि भेनेजुएली सरकार विरोधी गुआइदो संसदको नेतृत्वमा अमेरिकी सहयोगका कारण भएरहेको छ ।

बाहिर भन्दा र देखाउँदा राजनीतिक कारण बढी देखाए पनि अमरिकी स्वार्थ भनेको भेनेजुएली तेलको खानी हडप्ने नै रहेको छ। त्यहाँको स्रोत साधन हडप्न अहिले मुख्य शक्ति राष्ट्रहरू ध्रुवीकृत हुन पुगेका छन् । उनै शक्ति राष्ट्रहरूको प्रभावमा परेर अन्य देशहरू पनि पक्ष र विपक्षमा उभिन पुगेका छन् । त्यसमा पनि सबैभन्दा बढी त अमेरिका नै लागि परेको छ। अमेरिकालाई खाडीबाट तेल ल्याउनभन्दा भेनेजुएलाबाट तेल ल्याएमा पचास प्रतिशत सस्तो पर्न आउँछ। यसको हिसाब गरेर अमेरिका बसेको छ। तर भेनेजुएलाको सम्बन्ध चीन र रसियासँग निकै नजिक रहेकाले पनि अमेरिका क्रुद्ध भएको छ। अमेरिकाले अमेरिकी महादेशमा चीन र रसिया जस्ता एशियाली देशहरूको उपस्थिति देखिसहेको छैन ।

सैनिक पृष्ठभूमिका पूर्वराष्ट्रपति ह्युगो चाभेजले सन् १९९२ मा सत्ता हत्याउन प्रयास गरे पनि त्यो सफल हुन सकेको थिएन । त्यसपछि उनी दुई वर्ष जेल परेका थिए । सन् १९९८ मा नयाँ समाजवादी संविधानको बाचासहित उनी राष्ट्रपतिमा निकै ठूलो बहुमतका साथ निर्वाचित भएका थिए । चाभेज कालमा भेनेजुएलामा केही प्रगतिहरू भए । उनले तेलखानी राष्टियकरण गरेका थिए । भूमिसुधार, रोजगारी, गरिबी निवारण, छात्रवृत्तिको व्यवस्थालगायत धेरै क्षेत्रमा सुधारको थालनी गरेका थिए ।

उनले पटकपटक अमेरिकी हस्तक्षेपका विरुद्धमा भेनेजुएलाको रक्षा गरेका थिए । अनेकन अबरोध र हस्तक्षेपका बाबजुद शासनमा सक्रिय रहेकै बेला ५८ बर्षको उमेरमा क्यान्सरका कारण उनको निधन भएपछि निकोलास मदुरोले उत्तराधिकारीका रूपमा भेनेजुएलाको नेतृत्व रहेका छन् ।

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# जनयुद्धको उद्घाटन र विभिन्न पार्टीहरूको मनोदशा

● क. हेमन्त

२०५२ फागुन १ विश्वमा अग्लो सगरमाथाको देशबाट इतिहासमा जनयुद्धको सुरुआत उल्लासमय वातावरणमा देशका सबै जिल्लाहरूमा प्रचारात्मक तथा भौतिक कारर्वाहीबाट सुरु भयो । सामन्ती तथा दलाल पुँजीपतिहरूलाई नेकपा माओवादीले दृढतापूर्वक चुनौती दिँदै आफ्नो योजना मुताबिक हजारौं कोटाहरू चुक्ता गर्न थाल्यो ।

आजको रातभरि राता योद्धाहरू आफ्नो जिम्मेवारी पूरा गर्दै अरु आउँदा योजना बनाउन लागेका थिए । तत्काल राकस सरकारका प्रवक्ता, विभागीय प्रमुखहरू भने विलासिताका साथ चीर निन्द्रामा मस्त मस्त परिरहेका थिए । चौक-चौकमा न्यायप्रेमी आवाजहरू गुन्जन थाले । "बल्ल माओवादीले सुरु गरेछ ! अब सामन्तीहरूको निन्द्रा हराम हुने भयो ! हिजो अस्ति त बाटामा भेट हुनेहरू पनि भेट हुन छाडे ! अब हामी पनि उतै लाग्नुपर्छ क्यारे ! कहाँ गएर भेट्ने कसैको ठेगाना छैन ! झापातिर लाग्नुपर्छ कि क्या हो, कतै माओवादीसंग भेट भैहाल्छ कि !" यस्तै-यस्तै आवाजहरू सुनिन थाले ।

बिहानको ११:०० बजेसम्म पत्रिका पढिसकेर कोठा बाहिरै समय बितेको पत्तै भएन । खाना खाएर हिजो राती छुट्टिएका साथिहरूको कोठामा पत्रिका लिएरै गएँ । त्यतिबेला दुबै साथीसँग फोन पनि थिएन । पहिला सुजनको कोठामा पुगेँ । उनि त अघिनै स्कूल जान निस्किसकेका रहेछन् । फेरि प्रधुम्नको कोठातिर लागेँ उनी बिछौनामा पत्रिका पढ्दै रहेछन् ।

कोठामा मलाई देख्ने बित्तिकै औधि खुशी भएर हात मिलाउन उठिहाले । मैले सुजनको बारेमा उनीसँग हात मिलाउँदै सोधेँ । बिहान हामीसँगै थियौँ । स्कूलको प्रशासन कोठाको साँचो छाडेर तुरुन्तै फर्कन्छु भन्नु भएको छ । हामी बस्दै गरौँ न अहिले यहीँ भेट भइहालिन्छ नि । प्रधुम्नले यसो भन्ने बित्तिकै मैले पनि हुन्छ भनी उहाँकै खाटको एक छेउमा टुसुक्क बसेँ । देशव्यापी रूपमा माओवादी जनयुद्धको कारबाही चलिरहेको थियो हामीले टाँसेको ठाउँमा प्रहरीहरूले पहरा दिएर बसेको रहेछ । ती पोष्टर हेर्नेहरूलाई पनि समातेर लगेको, लगायत यस्तै कुराकानी भैरहँदा सुजन पनि आइपुगिहाले ।

त्यतिबेला सरकारी सञ्चारमा पनि फोन, रेडियो नेपाल, नेपाल टि.भी. मात्रै थियो । त्यो पनि जिल्ला जिल्लाको सदरमुकाममा मात्रै सीमित थियो । ने. काँ., राप्रपा र मधेशी सरकार अन्यौलतापूर्वक, क्रूरता र विलखबन्धमा परिरहेको थियो । प्रहरीहरू यत्रतत्र जतातत्तै गस्ती गरिरहेका थिए । पत्रपत्रिकामा भने अज्ञात समूहद्वारा घटना घटाइएको भनेर उल्लेख गरिएका खबरहरू हेर्दा, सुन्दा हामीहरू हाँसो थाम्न नसक्ने भयौँ । सचित्र पोष्टरिँग र पर्चाहरूमा नेकपा (माओवादी) बकाइदासाथ उल्लेख गरेकै थियो । त्यतिखेर सरकारले हामीलाई एकदम सानो शक्ति देखेर पत्याउन सकेन ।

हामी तिनैजना यस्तै, यस्तै कुराकानी हुँदै गर्दा कहाँ के के भयो जिज्ञासा लागिरहन्थ्यो । रेडियो नेपालबाट समाचारको क्रममा साँझको जिल्ला समाचार सुन्न थाल्यौँ । त्यसपछि घटना विचार कार्यक्रममा अघिल्ला दिनको गतिविधि दिन थाल्यो ।

"अज्ञात समूहद्वारा सिन्धुली प्रहरी चौकी पूरै कब्जा गरेका रहेछन् । गोरखामा सयौँको सँख्यामा साना किसान बैंक कब्जा गरी त्यहाका कागज पत्रहरू जलाएका रहेछन् । रोल्पाको होलेरि प्रहरी चौकीमा २ घण्टासम्म दुवै पक्षबीच गोली हानाहान भएछ । जाजरकोटमा दीपकबहादुर सिंहको घरमा अक्रमण गरी कागजपत्रहरू जलाएका रहेछन् । रुकुमको बाँफिकोट, चौर जहारीका अध्यक्षका मिल कब्जा गरी आगो लगाइदिए छन् ।" त्यस्तै अन्य अघि नै जिल्लाहरूका काम कारवाहीहरूका समाचारहरू आधा घण्टासम्म दिएको दियै थियो । बेलुका हामीहरू तिनैजना छुट्टियौँ ।

सिन्धुली पोष्ट प्रकाशनको लागि समाचार बनाउन लागिरहेको थिएँ । एक्कासी फोनको घण्टी बज्यो । चट्याङले गर्नुभएको रहेछ । उहाँले एक पटक भेटौँ भन्नु भयो । बटुको एउटा चिया पसलमा भेटेर कामको समीक्षा गर्‍यौँ । हाम्रो जिम्मा असन, बाङ्मुढा, भैँडासिङमा थियो । बागबजार, रत्नपार्कमा उहाँको जिम्मा रहेछ । त्यहाँको कमिटीका केही साथीहरू उक्त कार्यमा लागि पर्न आनाकानी गरेकाले तत्कालै चट्याङले सस्पेन्स गरिदिएछन् । मलाई दिपकले पछि सुनाएका थिए । त्यतिखेर आफूलाई दिएको जिम्मेवारी पूरा गर्नु नै मुख्य उद्देश्य हुन्थ्यो । त्यस्ता मुख्य स्थानहरूमा मैले बिहान सुरक्षित ती पोष्टर देख्न पाउँदा खुसी लाग्यो । कतिपय क्याम्पसमा भने विहानै भिजलान्तेहरूले च्याते पनि अधिकांश स्थानहरूमा पोष्टर सुरक्षित रहेको र त्यहाँ प्रहरीले नै सुरक्षा दिइरहेका रहेछन् । जानकारी आदान प्रदान गर्‍यौं ।

त्यतिखेर अहिलेको जस्तो रकम बाहिरी अन्य व्यक्ति, संस्थाहरूसँग चन्दा, आर्थिक सहयोग उठाउने गरिदैन थियो । बाहिरी तप्कासँग उठाउन लाग्दा हाम्रा योजना नै भताभुङ्ग हुन सक्थ्यो । त्यसैले हामीले जनयुद्ध सुरु गर्नको लागि आवश्यक पर्ने सहयोग रकम कमिटीहरूबाटै उठाएर हल गर्ने नीति थियो । हाम्रो कमिटीमा पनि ब्यक्तिगत तवरबाट कस्ले कति सहयोग गर्न सकिन्छ भनि शिखरले प्रस्ताव राख्नु भएको थियो । कमिटीमा हरेकले आफुले सक्दो रकम तोकेका थियौं । त्यतिखेर नेपालमा पहिलो जनयुद्धको सुरुवात हुने भएकोले हामीमा उक्त प्रस्ताव प्रति खुशीको सीमै रहेन । सवैले श्रममा भाग लिन्थे र पैदल हिडेरै दूरदराज सम्म पनि पुग्थे । यहाँसम्म कि साइकल पनि त्यतिखेर कुनै नेतासँग हुदैन थियो । नेताहरूले पनि इमान्दार देखाएको र सवै तहका कार्यकर्ताहरू पनि सिद्धान्तनिष्ठ नै थिए । सुरुमै मलाई सहयोगको रकम तोक्न लगाइयो । मैले पनि दिलै खोलेर जनयुद्ध सुरुवातको लागि सहयोग गर्न तत्पर देखाईहालेँ । त्यतिखेर रकम कबोलेकोमा शिखरले मलाई आफ्नो हैसियत भन्दा पनि वढि बोल्यो भनी पत्याएनन् । आज चट्याङलाई त्यहि कबुलेको रकम लिन पठाउनु भएको रहेछ । मलाई खुशी लाग्यो कि मैले पनि जनयुद्धमा लड्ने वीर योद्धाहरूलाई आर्थिक सहयोग गर्न पाएँ र नगद रकम चट्याङलाई हस्तान्तरण गरेर कोठातिर फर्के ।

कोठामा मरहट्ठा सर आएर कुरिरहनु भएको रहेछ । के छ नयाँ खवर मैले उहाँलाई सोधें । यो जनयुद्धले वहाँलाई अलि विचलित भएको जस्तो लाग्यो । उहाँ अखिल नेपाल शिक्षक संघको मोर्चा सम्हाल्नु हुन्थ्यो । केही सामाग्री लिएर घर जानु पर्ने भएकोले शैक्षिक सामान सहित मलाई घरसम्म साथी गइदिनुपर्‍यो भन्नुभयो । पकेट रेडियो गोजिमा बोकेर उहाँसंगै समाचार सुन्दै उहाँको घर तिर लाग्यौँ । मूल सडक चौकबाट नगई बिष्णुमति फाँटै-फाँट हिड्दै गर्दा पुलिसहरू त्यहाँ पनि गस्ति गरिरहेका रहेछन् । हामी आफ्नै सुरले अघि बड्दै गयौं । उनीहरू आफ्नै सुरमा औपचारिकता साथ डिउटीमा गस्ति गरिरहेका थिए ।

प्र.म. शेरबहादुर भारततिर रहेकाले कार्यवाहक प्र.म. तथा गृह मन्त्रीलाई पत्रकारहरूले विभिन्न प्रश्नहरू सोध्न थाले । प्रत्युत्तरमा गृहमन्त्रीले म ७२ घण्टाभित्र यस्ता गतिविधि नियन्त्रण गरेरै छाड्छु भनी बरबराउन थाले । केही सफलता पाउँछु कि भनेर होला, प्रहरीहरूलाई काठमाडौंका बागमती र विष्णुमती किनारका फाँटहरूमा, सडकका चौकहरूमा २४ सै घण्टा परचिालन गराइरहे । मरहट्ठा सरलाई वहाँको घर पुर्‍याएर कोठातिरै फर्के । खाना खाई टि.भी. हेरैं केही समाचार दिएको रहेनछ । म पनि सिन्धुली पोष्ट प्रकाशनको लागि समाचार बनाउने कामतिर लागेँ । सँधै सिन्धुलीबाट समाचार पोष्ट अफिसबाट र कुरियरबाट आउँथ्यो । तीन दिन भइसक्यो आइपुगेको छैन । जनयुद्धको बेला नियमित अंक त रोक्नु भएन भनी आफै समाचार तयार पारेर निकाल्न तिर लागेँ । त्यतिखेरसम्म जनयुद्धको जिम्मेवारी पार्टीले लिइसकेको थियो । सरकारको देशव्यापी धरपकड पनि सुरु भैसकेको थियो ।

काठमाडौंमा तत्कालीन संजमोका अध्यक्ष डा. बाबुराम भट्टराइको घरमा ६ र ७ गते लगातार छापा मार्‍यो । त्यस्तै महासचिव पम्फा भुषालको घरमा पनि ७ गते पुरै खान्तलासी लिएछ । सोही दिन युवराज भुषाल र सालिकराम भुषाललाई गिरफ्तार गरेछ । प्रगतिशील वरिष्ठ साहित्यकार खगेन्द्र सङ्ग्रौलालाई बाटो हिँड्दै गर्दा गिरफ्तार गर्‍यो । गौशालाबाट धनबहादुर पन्त, सिफलबाट मानबहादुर गुरुङ, धापासीबाट खेम भण्डारी, डल्लुबाट पूर्ण दोङ्ग, चावहिलबाट केशवराज पाठक, भुरुङ्गखेल विद्यार्थी कार्यालयबाट आनन्द सापकोटा, सन्त नेपाली लगायत २० जनालाई गिरफ्तार गरिसकेको थियो ।

रोल्पाका जिल्ला सभापति झक्कु सुवेदिको घरमा पुरा खान्तलासी लिएर गिरफ्तार गरेछ । रेशम बहादुर गुरुङ, बालकराम घर्ति मगर, नरेन्द्र थापा, लगायत १८ जनालाई गिरफ्तार गरेको रहेछ । रुकुमबाट विश्वेश्वर पोखरेल लगायत २० जनालाई गिरफ्तार गरिएछ ।

भारतका नयाँ डिल्ली, पञ्चाब, जालन्धर खाना, रोपड, पठानकोट, अमृतसर, मैसर, लगायतका शहरहरूमा अखिल नेपाली एकता समाजको आवहानमा नेपाली जनयुद्धको समर्थनमा विभिन्न समुदायहरूले आवाज बुलन्द गर्दै र्‍याली निकालिरहेका थिए ।

सरकारद्वारा चर्को दमन चलाउदै लाने क्रममा तात्कालिन सयुक्त जनमोर्चा नेपालका कतिपय जिल्ला समितिहरू पनि पुनर्गठन हुन पुगे । संजमोद्वारा माओवादी जनयुद्धलाई सर्मथन गर्दै तयारी रहन पुगे । उदयपुर, बाँके, काठमाडौं, लमजुङ्ग, स्याङ्गजा, म्याग्दि, झापा, कास्की, कैलाली, सुनसरी, कपिलबस्तु, चितवन लगायतका संजमो जिल्ला पदाधिकारीहरू जनयुद्धलाई समर्थन गर्दै माओवादीको नयाँ जनवादी क्रान्ति सफल पार्न लामवद्ध भई सकेका रहेछन् ।

माओवादीले सुरु गरेको जनयुद्धप्रति सरकारले देशव्यापी तीब्र दमन गरिरहेको र आफूलाई कम्युनिष्ट भन्ने विभिन्न पार्टीका नेताहरूसंग हामीले प्रतिक्रिया माग्दा यसरी व्यक्त गरेको पाइयो ।

नेकपा मसालका प्रवक्ता दीनानाथ शर्माः " नयाँ जनवादी क्रान्तिको लागि दीर्घकालीन जनयुद्ध अनिवार्य सर्त हो भन्ने हाम्रो पार्टीको मान्यता हो, तर यसका लागि वस्तुगत र आत्मगत अवस्था दुवै तयार हुनुपर्छ । यति बेला माओवादी पार्टीले जुन ढंगले जनयुद्धको थालनी गरेको भनेको छ, त्यसबारे हाम्रो पार्टीमा सल्लाह नभइसकेकोले प्रतिक्रिया दिन मिल्दैन, त्यसैले अहिले केही नबोलौं ।"

नेकपा मालेमाका महासचिव कृष्णदास श्रेष्ठः "जनताको मुक्तिको निम्ति जनयुद्ध हुनुपर्छ भन्ने हाम्रो पार्टीको मान्यता हो, तर कुन बेला र कसरी गर्ने भन्ने बारे फरक मत हुन सक्छ । यस घटनालाई कसरी हेर्ने र बुझ्नु भन्ने बारेमा साथीहरूको बीच छलफल गरेपछि प्रतिक्रिया दिन उपयुक्त होला ।"

अमिक शेरचन संजमो नेपाल (निरन्जन बैद्य) : "अस्तिसम्म यो घटनालाई कुनै पनि राजनैतिक पार्टीले जिम्मा नलिरहेको सन्दर्भमा राष्ट्रियता, जनतन्त्र र जनजीविकाका पक्षमा सरकारले वेवास्ता गरीरहेकोले जनताले स्वस्फूर्त आन्दोलन गरेको हुनसक्ने आशंका प्रकट गर्न सकिन्थ्यो, तर आज त्यो अन्यौलको स्थिति समाप्त भएको छ । यसबारे हामी छिट्टै टुङ्गो लगाएर पार्टीको धारणा स्पष्ट पार्ने छौं । अहिले केही नबोलौं ।"

शम्भुराम श्रेष्ठ नेपाल कम्युनिष्ट लिगः " य स बा रे प्रतिक्रिया दिन हतार नगर्नु नै उचित हुन्छ ।"

खड्ग प्रसाद ओली पूर्व गृहमन्त्री, एमाले : "यसबारे पार्टीले अहिलै कुनै पहल गरिसकेको छैन । त्यसैले मैले व्यक्तिगत तबरबाट यो प्रतिक्रया दिएको छु कि यो घटना तथाकथित माओवादी समूहले बिल्कुलै दुश्साहसिक र कम्युनिष्ट आन्दोलनलाई बदनाम गराउने अभिप्रायले अवसरवादी क्रियाकलाप गरेको छ । यसले कम्युनिष्ट आन्दोलनलाई विस्थापित गर्ने भएकोले तत्कालै रोक्नुपर्छ भन्ने मलाई लागेको छ । वर्तमान सरकारलाई पनि सर्वसाधारण जनतालाई दमन गरेर समस्याको समाधान गर्नेतिर होइन कि राजनैतिक रूपमा समस्या समाधान गरोस् भन्ने माग गर्दछु ।"

यसरी देशमा विभिन्न ठाउँमा धावाबोलेर नयाँ जनवादी क्रान्तिको सुरुआत गर्ने नेकपा माओवादी जनयुद्धप्रति नेपालका आफुलाई कम्युनिष्ट हौं भन्ने पार्टीहरूले ऐक्यवद्धता त के नैतिक समर्थन गर्न पनि आनाकानी गरे । उल्टै माओवादीको यस्तो साहसिलो कदमबाट एमाले पार्टी त्यत्तिखेर तर्सेको पनि आभाष पाइयो । स्मरण रहोस् पार्टी एकता भए पनि एमालेकै पार्टी कार्यालयमा र प्रचण्डकै नेतृत्वमा २४ औं जनयुद्ध दिवस मनाउने क्रममा एमालेका माधव नेपाल, के.पी. ओली र झलनाथ खनाल जस्ता नेताहरू कोही पनि सहभागि भएनन् । विश्वका सर्वहारा महान नेता माओत्सेतुङले भन्नु भए झैं "तिमी तिम्रै तरिकाले लड, हामी हाम्रै तरिकाले लड्छौं" भने झैं माओवादीले पनि छापामार युद्धलाई अझ तिब्र बनाउँदै नियमित सेना निर्माण गर्न तिर लाग्यो । गाउँ-गाउँमा युवालाई जनमिलिसिया टिम बनाउन संगठित गर्न थाल्यो ।

यसैबीच ग्रामिण वर्ग संघर्षलाई सहयोग पुर्‍याउन शहरी संघर्षहरू विचार गोष्ठी, अन्तरक्रिया, चैत्र २४ को जन आन्दोलन दिवस जस्ता कार्यक्रमहरू मनाउँदै जान थाल्यो । विद्यार्थी, मजदुर, किसान, महिला, आदिवासी, जनजाति लगायतलाई समावेश गरी जुलुश, सम्मेलनहरू एक पछि अर्को कार्यक्रम गर्दै लग्यो । जनयुद्धको प्रचार राजधानी सहरमा पनि व्याप्त हाते पोष्टर, पर्चा वितरण, पत्रकार सम्मेलन गर्दै जनयुद्धको औचित्य प्रष्ट पार्ने कार्यहरू शहरी आन्दोलनबाट तिब्र बनाउन थाल्यो ।




कविता

## बदला

● ताहा मुहम्मद अली
(अनुवाद : चन्द्र गुरुङ)

कहिलेकाहीँ 'म कामना गर्छु
भेट्न पाए हुन्थ्यो युद्धमा
त्यो मान्छे जसले मेरो बाबाको हत्या गरेको थियो
र हाम्रो घरलाई ध्वस्त पार्दै
निष्कासित गरिदिएको थियो मलाई
एउटा सानो देशमा
र यदि उसले मलाई मारिदियो भनेँ
म आराम पाउँथे अन्ततः
र यदि म तयार भए
म आफ्नो बदला लिने थिए ।

तर जब मेरो प्रतिद्वंदी प्रकट हुन्दा
यस्तो थाहा पायो भनेँ, कि
उसको एक आमा छ
उसको पखाईमा बस्ने
या एक बाबा छ जो राख्छ
आफ्नो दाहिने हात
आफ्नो छातिमा मुटु भएको त्यो ठाउँमाथि
भेट को लागि उनले तय गरेको समयमा
मात्रै केही पौने घण्टा जत्ति
जहिले उसको छोरो ढिलो आउँदा-
तेसो भए म उसको हत्या गर्दिन
मैले सक्ने भए पनि ।

यस्तै' म
उसको हत्या गर्ने छैन
यदि चाँडै यो प्रष्ट पारिन्छ भनेँ
कि उसको एक भाई वा बहिनीहरू छन्
जो उसलाई माया गर्छन् र निरन्तर भेट्ने आश गर्छन्
या उसलाई स्वागत गर्ने श्रीमती छिन्
र बच्चाहरू जो
उसको अनुपस्थितिलाई सहन सक्तैनन्
र जसलाई उसको उपहारले खुशी पार्ने गर्दछ
या यदि उसका छन्

साथी-सँगीहरू
छिमेकीहरू जसलाई ऊ चिन्दछ
या साथीहरू जेलका
या अस्पतलाको एकै कोठाका
या स्कूले दिनका सहपाठीहरू '
उसको बारेमा सोध्दै
र पठाउँछन् उसलाई सलाम ।
तर यदि ऊ
अगाडि पछाडि कोही नभएको-
रुखबाट काटिएको एउटा हाँगा जस्तो
आमा या बाबा नभएको
साथै भाई वा बहिनी पनि नभएको
पत्नीविहीन, निःसन्तान
र नभएको कुनै भाईबन्धु, छिमेकी या साथीहरू
सहयोगी या सहकर्मीहरू
तेसो भए म उसको दुःखमा केही थप्ने छैन

त्यस एक्लोपनमा-
मृत्युको कष्ट थप्ने छैन
र मरेर जानुको दुःख पनि ।
बरु म खुशी हुने छु
उसलाई बेवास्ता गर्दा, जब उसको छेउबाट हिँड्दा
गल्लीतिर- र म
आफैलाई शान्त पार्ने छु
कि उसलाई ध्यान नदिनु पनि
आफैमा एकप्रकारको बदला हो ।

## संगठन विस्तारमा तीव्रदा दिंदै क्रान्तिकारी माओवादी ललितपुर

● कुमार भट्टराई

ललितपुर । नेकपा (क्रान्तिकारी माओवादी) ललितपुरले संगठन विस्तारलाई तीव्रता दिएको छ । जनयुद्ध दिवससँगै उसले संगठन विस्तारलाई तीव्रता दिएको छ । जिल्लाको लगनखेलमा दीप प्रज्वलन र कोणसभा सम्पन्न गरेको उसले ३ गते गोदावरी नपाको १ नं. वडामा देजमोको वडा कमिटि निर्माण गरेको छ । पार्टी जिल्ला सचिव दिपकको प्रमुख आतिथ्यतामा भएको एक भेलाले शुक्रचन्द्र बमजन संयोजक रहेको देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको ७ सदस्यीय वडा कमिटि गठन गरेको हो । उक्त कमिटिका सदस्यहरूमा नक्कल थिङ, अक्कल थिङ, राम, भिम लामा, भक्त लामा लगायत रहेका छन् ।

भेलामा वर्षा, विश्वास, क्रान्तिकारी युवा लिग ललितपुरका संयोजक समन, महिला जिल्ला संयोजक निशा भट्टराई, गोदावरी नगर पार्टी सचिव रोशन लगायतको उपस्थिति रहेको थियो ।

त्यसैगरी ४ फागुनमा भएको एक भेलाले देजमोको ललितपुर महानगरपालिका स्तरीय कमिटि गठन गरेको छ । भेलाले नगेन्द्र महर्जनको नेतृत्वमा ११ सदस्यीय महानगर कमिटि निर्वाचित गरेको छ । मोर्चाका केन्द्रीय सचिवालय सदस्य हरिकृष्ण गजुरेलको प्रमुख उपस्थितिमा सम्पन्न भएको भेलाले महानगर कमिटिका अन्य सदस्यहरूमा राजकुमार देउला, राजकुमार नेपाली, टेक बहादुर तामाङ, निर्मल, मधुकला राई, सुजन मगर, सिमा आले, नविन महर्जन, लक्ष्मी सापकोटा, नगेन्द्रमान श्रेष्ठ लगायतलाई निर्वाचित गरेको छ ।

भेलामा मोर्चाका केस श्याम केसी, जिल्ला संयोजक इन्दिरा अधिकारी, अर्जुनलाल श्रेष्ठ लगायतको उपस्थिति रहेको थियो ।

## जनयुद्धभित्रका...

कमजोरीहरू भए । स्थान छनौट गलत हुँदा वा दुश्मनको गतिविधिमा त्यति जानकारी राख्न नसक्दा क्षतिहरू बेहोर्नु पर्‍यो र परिणामविहीन अवस्थामा रहनु पर्‍यो । उल्टै घेराबन्दीमा पर्ने पनि थियो । धेरै प्रयासहरूपछि छापामारले एम्बुसको कलामा दक्षता हासिल गर्दै गए । एम्बुसको सुरुआत रुकुमको घुम्लिबाङ, कोलहुँदै रोल्पाको हुलाकी डाँडा र कोर्चावाङको निम्रीसम्म आइपुग्दा पुलिसका दुईवटा राइफल पनि हात परे । यी एम्बुसमा क्षति भएन । रुकुमको कोलमा १ वटा राइफल कब्जा भएको थियो । जाजरकोटको घुमाउने भन्ने ठाउँमा हतियार कब्जा भएको थियो ।

*३. हतियारमाथि पुलिस एकाधिकारको अन्त्य*

एम्बुसमा भएका यी कलाका विकासहरूले हतियारमाथि एकलौटी रूपमा रहेको पुलिसको एकाधिकार तोडियो । रुकुमको कोलबाट रोल्पाको निम्रीहुँदै जाजरकोटको घुमाउनेसम्म पुग्दा ५ वटा राइफलहरू कब्जा भए । परिणामका हिसाबले हतियार कब्जा कमै भए पनि परिणाम र सफलताका हिसाबले पुलिसको हतियारमाथिको एकाधिकारको अन्त्य भयो । यसले लडाईंलाई विकासको वा प्रतिरोधको अर्को चरणमा प्रवेश गरायो । यो एम्बुसको सफलताले जनयुद्धमा दिएको नयाँ गति थियो । पुलिससँगको लडाईं अब एकैस्तरका हतियार (सङ्ख्या घटी होस् वा बढी) र एकै स्तरका फर्मेशनतर्फ बढ्दै थियो । यसको अर्थ अब एम्बुसको यो सफलताले लडाईंलाई रेडको प्रक्रियामा प्रवेश गरायो ।

*पूर्वले उघारेको रक्तरञ्जित क्षितिज*

नेपाली जनयुद्ध एम्बुसपछि रेडको लडाईं लडियो भन्ने होइन, रेडको लागि पनि सुरुमा नै अभ्यास भइरहेको थियो । तालिम तथा त्यसका प्रक्रियाहरू (वैचारिक, साङ्गठनिक र प्राविधिक) भइरहेका थिए । रेडको अभ्यास सफल भइराखेको थिएन । पूर्व रामेछापमा तीर्थ, फत्त र दिलमायाको सहादतसँगै रेड सफल भएको थियो । त्यो ठूलो बलिदानका बावजुद सफल भएको थियो । रेडको लागि पूर्वले रक्तरञ्जित इतिहासको मिमिरिसँगै सफलताको उज्यालो बाटो उद्घाटन गरेको थियो । त्यहाँबाट चारवटा हतियार प्राप्त भएका थिए ।

पुलिसको हतियारमाथिको एकाधिकार यही रेडबाट उच्चस्तरमा तोडिएको थियो । अब यसले छापामार दस्ताको क्षमता राम्रोसँग बृद्धि गर्‍यो । प्लाटुनहरूको फर्मेशनका साथै क्षमताको पनि राम्रो विकास भयो ।

*छापामारको द्रुतगतिमा विकास*

सुरुसुरुमा पुलिसहरूको जत्था गाउँगाउँ गएर मानिसहरूलाई मृग झैं लखेट्ने गर्दथे । एम्बुस र रेडद्वारा उनीहरूको हतियारमाथिको एकाधिकार तोडिएपछि ठूलो दलबल भएपछि मात्र गाउँ पस्न थाले । पछि त पुलिसको दमन र सङ्ख्या तथा गुण आदिका हिसाबले अझ बृद्धि भएपछि प्लाटुनहरूलाई पनि गुण, क्षमता र अभ्यासका हिसाबले प्रशिक्षित गरियो । पहिले अस्थायी रूपमा रहेका प्लाटुनहरू क्रमशः स्थायी बन्दै गए । देशैभर स्थायी प्लाटुन, अस्थायी प्लाटुन र छापामार स्क्वाड बनाउदै विस्तार गरियो । प्रशिक्षण (वैचारिक तथा प्राविधिक) पनि घनिभूत हुँदै गए ।

*फौजी कारबाहीको सिकारु अभियान*

थुप्रै ठाउँमा रेडका टार्जेटहरू तय गरिए । प्यूठानको लुङ, दाङको भालुवाङ रुकुमको त्रिवेणी, रोल्पाको होलेरीमा अभियान अघि बढ्यो । भालुवाङमा सफल भयो, तर हतियार प्राप्त हुन सकेन, रुकुम त्रिवेणीमा सफल हुन सकेन, प्यूठानको लुङमा पनि सफल हुन सकेन । रोल्पाको धौलावाङ पनि सफल भयो, तर हतियार प्राप्त भएन । धौलावाङको सिमित सफलताले छापामारमा उत्साह ल्याएको थियो ।

रेड किन सफल हुन सकेनन् त भन्ने समीक्षा हुँदा सीप, क्षमता, कला र प्रविधिहरूको साथै मुख्य कुरा जनसमर्थन र जनसहभागिता भएन भन्ने निष्कर्ष निकालिएको थियो । युद्धमा प्रचार, मनोबल र जनसमर्थनको भूमिकाबारे ठूलो बहस भयो । त्यसपछि प्रचारयुद्धलाई व्यापकता दिइयो । पार्टीको निर्णयसहित प्रचारचारकर्ताको रूपमा पनि संगठनलाई गाउँगाउँमा लगियो ।

प्रचारबाट हाम्रो सफलता हात लाग्यो । जनसमुदायसँग भावनात्मक रूपमा एकाकार हुँदै अघि बढ्यो छापामार दल । जनताको समर्थनले सरकारी पक्षलाई एक्ल्यायो । आम जनताबाटै तात्कालीन सरकारका सूचना तथा आन्तरिक कुराहरू थाह पाउन थालियो । अब अस्थायी कम्पनी निर्माणतिर कदम अघि बढ्यो ।

*श्रृङ्खलाबद्ध फौजी कारवाहीको 'गेट वे' खुलेपछि*

पश्चिमको सन्दर्भमा रेडको ढोका झिम्पेटावर (सल्यान) को सफल रेडलाई लिइन्छ । यो प्लाटुनस्तरीय कारबाही थियो । प्लाटुन स्तरको पहिलो तालिमपछि तुरन्त गरिएको झिम्पेटावरमाथिको रेड पूर्ण रूपमा सफल भएको थियो । यो सफलता विनाक्षति हासिल गरिएको थियो । त्यसपछि सुदूरपश्चिममा सूर्यविनायकमा रेड भयो ।

*युद्धबाटै युद्ध सिक*

यहाँसम्म आइपुग्दा युद्धबाट युद्ध सिक्ने प्रक्रिया निकै अघि बढिसकेको थियो । एम्बुस र रेडबाट थुप्रै कलाहरू सिकिसकेका थिए, छापामारहरूले । ज्ञान र सिपको विकास सापेक्षतामा माथि उठिसकेको थियो । अनुभवले पनि समृद्ध गर्दै लगिरहेको थियो । तर यति बेलासम्म पनि कुनै उच्च फौजी तालिम छापामारलाई दिइएको थिएन । युद्धबाट युद्ध सिक्ने प्रक्रियासँगै युद्धको विकास समग्र युद्धतिर हुँदै गयो । यहाँसम्म आउँदा गाउँका सीआइडी, सुराकी र फटाहहरूमाथि जनताको जित भइसकेको थियो र गाउँहरू पूरै जनताको पकडमा आएको थियो । पुलिसहरू चौकीभित्र कैदहुँदै थिए ।

पार्टीको चौथो विस्तारित बैठकपछि आधारइलाकाको अवधारणा ल्याइयो । आधारइलाकाको अवधारणासँगै 'टास्क फोर्स' निर्माण गरियो । त्यो टास्क फोर्सले आधारइलाकालाई सुदृढ गर्नतिर आफ्ना कार्वाहीहरूलाई अभियानात्मक रूपमा अघि बढायो । कार्वाहीहरू दाङको चिराघाटबाट जाजरकोटको लहँसम्म जाँदा त्यो अभियानमा पूर्ण सफलता प्राप्त गर्‍यो । यसले धेरै दुःखकष्ट गर्दै सैन्य अभ्यास र आक्रमणको स्तरलाई धेरै माथि उठायो ।

कतैकतै दुश्मनसँग आमनेसामने भिडन्त र धेरै त लुकामारी गर्दै त्यहाँसम्म आउने बेलामा टास्क फोर्स वैचारिक, फौजी, प्राविधिक सीप तथा हातहतियार र आवश्यक लजिष्टिक्सको हिसाबले पूर्णतातिर प्रवेश गर्‍यो । अब हाम्रो प्लाटुनहरू मजबुत बने र आफ्ना टार्जेटलाई कच्याप्पइच्याप्प पार्ने स्थितिमा पुगे ।

*भमरा झैं चक्कर काट*

जब छापामार शक्तिको सैन्य श्रेष्ठता कायम हुँदै गयो, तब सरकारी पक्षले व्यापक रूपमा सर्च गरेर विनास गर्ने अभियान चलायो । हात्तीलाई अन्धो बनाउने नीति अन्तर्गत पहिले नै गाउँका सुराकी, सीआईडी र जालीफटाहमाथि कार्वाही गरी निस्तेज गरिएकाले ठूलो क्षति हुनबाट गाउँ बच्यो । तर पनि सहर र सदरमुकाम बसेका सीआईडी, सुराकीहरू पुलिसहरूसँगै गाउँमा आउने गरिरहेका थिए ।

गाउँ आधारइलाकातर्फ व्यवस्थितहुँदै गए पनि बेलाबेलामा हुने उनीहरूको योजनाबद्ध दमन अभियानले थुप्रै अप्ठ्यारा र जटिलताहरू ल्याइरहेका थिए । त्यसलाई चिर्न कुनै निश्चित चौकी र दुश्मनशक्तिमाथि आक्रमण गर्ने र त्यहाँबाट घुम्दै अघि बढ्ने, दुश्मनको पिछा गर्ने र हैरान परेसान पारेर थाकेको बेला फेरि आक्रमण गर्ने नीति अख्तियार गरियो । सक्रिय, चनाखो र आक्रामक भइराख्ने नीति थियो यो । यो फौजी कला नेपालमा सफल भयो ।

*आरा प्रणालीको प्रतिरोध युद्ध*

आधारइलाकामा सरकारी शक्ति (पुलिसहरू) गाउँबाट हटी इलाकाइलाकाहरूमा केन्द्रित भएर बसेका थिए । सहायक इलाकाहरूमा भने ती पुलिसपोष्टहरू बाक्लै थिए । आधारइलाकाभित्र जनसत्ता सुदृढ गरी उक्तइलाका मुक्त गर्दै लैजाने र सहायक इलाकाहरूमा दुश्मनमाथि फौजी श्रेष्ठता कायम गर्ने र मुक्त बनाउने नीति अन्तर्गत आरा प्रणालीको प्रतिरोध युद्ध सुरु गरियो ।

आधारइलाकाहरूमा रहेका दुश्मनका सञ्जालहरूलाई चिर्ने र छापामार शक्तिलाई मजबुत बनाउने चक्रदार आरा प्रणालीको रूपमा फौजी प्रतिरोध अघि बढाइयो । लक्ष्य ठूल्ठूला बेसक्याम्पमाथि आक्रमण गर्दै अघि बढ्ने बन्दै गए । यो अभियान रुकुमको महतस्थित इलाकास्तरीय, डीएसपीको कमाण्डमा रहेको, बाट सुरु भएको थियो ।

त्यो बेस क्याम्पको सपोर्टमा थवाङ, तकसेरा, घर्तीगाउँ र अन्य ठाउँहरू पुलिस राखिएका थिए । यसले रोल्पाको सदरमुकाम लिवाङ र रुकुमको सदरमुकाम मुसीकोटदेखि टाढा पर्ने रोल्पा-रुकुम सीमानाको भ्याकुम जस्तो इलाकामा बसेर दुवै जिल्लाका इलाकामा कमाण्ड गरिरहेको थियो । त्यो मजबुत ढङ्गले बसेको थियो । यो त्यतिबेलाका चर्चित डीएसपी ठूले राईको कमाण्डमा थियो ।

कार्वाही सफल भएपछि ठूले राईलाई युद्धबन्दीको व्यवहार गरियो । वार्ता मार्फत् उनलाई छाड्दा सरकारी बन्दी बनाइएको माओवादी नेता देव गुरुङलाई साटिएको थियो ।

## विनाशकाले...

१३) सबै नेपाली जनताको निशुल्क उपचारको ग्यारेण्टी भयो ?

१४) कर्णाली लगायत दुर्गम क्षेत्रका जनताले सर्वसुलभ तबरबाट खाद्यान्न प्राप्त गर्ने ग्यारेण्टी भयो ?

१५) जेष्ठ नागरिकले जीउन पुग्ने भत्ताको व्यवस्था भयो ?

१६) नेपाली किसानले सर्वसुलभ तबरबाट कृषि मल, बीऊ, बिजन, औजार र उत्पादित वस्तुको उचित मूल्यसहितको बजारको व्यवस्था भयो ?

१७) देशमा प्राकृतिक सम्पदा, नदी नाला राष्ट्रिय उद्योगधन्दाहरू कौडीको मूल्यमा विदेशीलाई सुम्पने काम को अन्त्य भयो ?

१८) उपचारको नाममा र अन्य बहानामा नेता र सत्ताका पँहुचवाला व्यक्तिहरू देशको ढुकुटी राँइदाँइ गर्दै विदेश भ्रमण गर्ने चलनको अन्त्य भयो ?

१९) देशमा उद्योगधन्दाको विकास गरेर देशलाई आर्थिक समृद्धि तिर लानको लागि राष्ट्रिय उद्योग नीति बन्यो ?

२०) नातावाद र कृपावादको अन्त्य भयो ? सत्तामा आफ्ना मान्छे भर्ना गरेर राष्ट्रिय ढुकुटी दोहन गर्ने प्रथाको अन्त्य भयो ?

२१) मतपत्र च्यातेर वा धाँधली गरेर चुनाव जित्ने प्रथाको अन्त्य भयो ?

माथि विषयलाई थाति राखेर वा नजर अन्दाज गरेर कसरी नयाँ युगको सुरुआत हुन्छ ? कसरी सुखी र समृद्ध नेपाल बन्दछ ? श्रममन्त्री गोकर्ण विष्टले मलेसिया देशसंग श्रम सम्झौता गरेर बडो फुर्ति देखाए । सबै नेपाली युवा निशुल्क मलेसिया जान पाउने भए अरे सबै युवा मलेसिया गएर रेमीट्यान्स भित्र्याउलान र शासकहरू मोजमस्ती गर्न पाइएला भनेर रमाएछन् । होइन् भने आफ्ना देशमा युवालाई स्वदेशमै रोजगार सृजना गरेर दशकै विकासमा लगाउने दुरदर्शी र क्षमतावान नेताको कर्तव्य हुन पर्छ कि पर्दैन ?

कतिपय जनमानसले यो भन्न थालेकी गिरिजा र प्रचण्डलाई छोरीले बिगारे ओलीलाई छोराहरूले बिगारे तपाई ठान्नु होला ओलीका छोरा छोरी नै छैनन् कुन छोराले बिगार्ने ? उनका देशभरीमा सय पचास नक्कली हनुमान छोराहरूले साष्टाङ्ग दण्डवत गर्ने गलत सल्लाह दिन सरकारी ढुकुटी दोहन गरेर विस्तारै ओलीलाई पतनको दिशातिर झार्दैछन् ।

महाकाली र अरुण तेस्रो भारतलाई सुम्पने लिपुलेक काला पानी लिम्पियाधुरा नेपालको नक्साबाट हटाएर भारतलाई बुझाउने र उक्त स्थान हटाएको नक्सा नेपालको प्रशासनमा पठाएर सोही मुताबिक काम गर्न जाने बजार महोत्सव सहकारी कलेज स्कूलको वार्षिक उत्सर्व उद्धाट्न गर्न हिंड्ने पानी जहाज, रेल र घरघरमा ग्याँस पाइपको हावादारी कुरा गर्ने ओलीले नयाँ युगको सुरु भयो भन्नु र गोरु व्याउँछ भनेर आशा गरेर बस्नु एउटै कुरा हो ।

## २४औं...

अन्तरसंघर्षबाटै पार्टीको विकास र जीवन हुन्छ भन्ने मालेमावादी सिद्धान्तलाई ठाडै इन्कार गरेको छ । पार्टीभित्र रहेर नेतृत्वको आलोचना वा फरक विचार राख्न नमिल्ने भन्ने सर्कुलर पार्टी भित्र जारी गरेको छ । सारमा जनवादी केन्द्रीयता मान्ने लेनिवादी संगठनात्मक पद्धतिलाई ठाडै अस्वीकार गर्दै केबल केन्द्रीयतालाई मात्रै केन्द्र बनाएको छ । यो सिधै सामन्तवादी तथा व्यक्तिवादी तानाशाही चिन्तन र प्रवृति हो ।

साथै उसले अगाडि सारेको आफ्नो 'एकिकृत जनक्रान्तिको सिद्धान्त'मा उसले सर्वहारावर्गको नेतृत्वलाई कम आँकलन गर्दै मध्यम वर्गको नेतृत्वको गैह्र मार्क्सवादी अवधारणालाई अगाडि ल्याएको छ । मार्क्सवादको विकासको नाममा अनेकौं नया' नया' अवधारणाहरू गाडि ल्याएर सारमा विप्लव नेतृत्वको नेकपा २०५२ साल फागुन १ गते 'प्रतिक्रियावादी राज्यसत्तालाई ध्वंस गर्दै नयाँ जनवादी राज्यसत्ता स्थापना गर्न जनयुद्धको बाटोमा अघि बढौं, विद्रोह जनताको अधिकार हो जनयुद्ध जिन्दावाद नेकपा (माओवादी)' लेखिएको पहिलो पोष्टरबाट धेरै टाढा पुगिरहेको छ । यदि समयमा नै नसच्चाए ऊ त्यसबाट धेरै टाडा पुग्ने निश्चित छ ।

उतातिर दश वर्से जनयुद्धका नायक प्रचण्ड अहिले एमालेभित्र आफ्नो अस्तित्वका लागि मात्रै अहिले उक्त पोष्टरलाई बेलाबेलामा आफ्नो व्यक्तिगत उपयोगका लागि सम्झने गर्दछन् । उनको भावी नेतृत्वमाथि प्रश्न उठाउँदै उनकै पार्टीका एकजना नेता -वर्तमान सरकारका उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेल, जो एमालेभित्रका एक जना भ्रष्ट र जनयुद्धका खुङखार शत्रुमध्ये एक थिए, ले भनेका निम्न भनाइहरूले उनको उक्त पार्टीभित्रको भविष्य दर्शाउँछ, जसमा उनले भनेका छन् - "कम्युनिस्ट पार्टीको नेतृत्व जनतामा परिचित, स्थापित र स्वीकृत पात्रहरू नै हुनुपर्छ । तिरष्कृत पात्रहरू नेतृत्वमा आउनै हुँदैन/ल्याइनैहुँदैन । अझ सनक र उन्मादमा चल्न चाहने वा रमाउनेहरूलाई त यो ठाउ'मा सर्वथा पुर्‍याउनै हुन्न ।" सनक र उन्मादमा चल्न चाहने वा रमाउने नेतका रूपमाउनले प्रचण्डलाई इंगित गरेको स्पष्ट हुन्छ र आम नेपालीले पनिउनलाई यसै रूपमा चिन्न थालेका छन् ।

नेकपा(माओवादी) ले गणतन्त्रको कार्यक्रम ल्याउँदा गोरुगाडामा चढेर अमेरिका पुग्न सकिन्न भन्ने, संघीयतावारे देशलाई काँक्रोजस्तै चिराचिरा बाँडने भनेर संघीयतको विरोध गर्ने, जातिय, क्षेत्रीय, लैङ्गिक, समानुपातिक समावेशीलाई राज्यभनेको सबैलाई पातपातमा बा'डने वस्तुहोइन भन्ने के.पी. ओलीको नेतृत्वमा अहिले तिनै प्रचण्ड र उनको नेतृत्वका आफूलाई माओवादी भन्नेहरू छन् । प्रचण्डले उनकै निणर्य र बा'डफा'डमा चित्तबुझाएर दिन काटन परिरहेको छ र ईश्वर पोखरेल जस्ताको अर्ति र उपदेश बेलाबेलामा सुन्नु परिरहेको छ । यो कस्तो विडम्वना प्रचण्ड, बादलहरू यति छिटै ओली र ईश्वर पोखरेलको आदेश र घोंचपेचमा दिन बिताउन पर्ने छ भन्ने के उनले सोंचेका थिए ।

मोहन वैद्य किरणले नेतृत्व गरेको नेकपा (क्रान्तिकारी माओवादी) को स्थापना र जन्म नभएको भए, जनयुद्धको इतिहास कहाँ पुगिसक्दो रहेछ र जनयुद्ध दिवस केबल एउटा नौटङकीका रूपमा मनाउनेहरू स्पष्ट २०५२ साल फागुन १ गते सुरु गरिएको जनयुद्धको मूल्यमान्यता र सिद्धान्तविरोधीहरूको कब्जामा जाने रहेछ भन्ने स्पष्ट हुन्छ ।

केपी ओली, ईश्वर पोखरेलजस्ता नोकरशाह तथा दलाल पुँजीपति वर्गका चाटुकारहरूसित आफ्नो अस्तित्व रक्षाका लागि भिख माग्न व्यस्त भएकाहरूबाट जनयुद्ध दिवसको महत्ववारे बहस र छलफल गरिनु त्यसमा साहादत प्राप्तगर्ने हजारौं सहिद, बेपत्ता योद्धा परिवार र घाइते, अपांगहरूको अपमान सिवाय अरु केही हुने थिएन । प्रचण्ड अझै बेलाबेलामा एमालेवालाहरूलाई ' पार्टीमा उनको हैसियतबारे नसोंचेमा अर्को माओवादी जन्मने धम्की समेत दिन बाँकी राख्दैनन् । उनको यो धम्की ओलीपछिको उनको नेतृत्वको सुनिश्चतता नै हो भन्ने ईश्वर, झलनाथ, माधवआदिलाई थाह छ ।

यी सबैलाई थाह छ अर्को माओवादी त जन्मिसकेको छ- किरण नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी) । सिद्धान्त, विचार र कार्यदिशा र कार्यशैलीका हिसाबले अनुभवी र परिपक्व नेतृत्व पाएको नेकपा (क्रान्तिकारी माओवादी)को गत मंसिरमा भएको केन्द्रीय समितिले अहिले संघर्षलाई केन्द्रविन्दुमा राखेर भावी आन्दोलनको नेतृत्व गर्ने बलिदानीपूर्ण मार्गतर्फ लाग्ने उद्घोष गरिसकेको छ ।

यस पार्टीका महासचिव किरणले केही समय अगाडि स्पष्टसित यसबारे नेपालका सबै माओवादीहरूलाई आह्वान गर्नु भएको छ- "सबै माओवादीहरू एउटै पार्टीमा गोलबन्द होऔं, प्रचण्डले पनि यदि आफ्ना विगतका गल्ती कमजोरीलाई स्वीकार गरेर क्रान्तिमा लामबद्ध हुने उद्घोष गरे उनलाई पनि क्रान्तिमा स्थान रहने छ ।" यो भन्दा क्रान्तिप्रतिको त्याग र समग्र माओवादी आन्दोलनप्रतिको माया र समर्पण अरु के हुन सक्छ ? हामीलाई थाह छ प्रचण्ड, बादल, नारायणकाजी, बाबुराम कुहिएका फर्सी हुन यीबाट अब क्रान्तिको सपना पूरा हुन सक्दैन, तापनि यिनीहरूको भ्रममा परेर एमाले भएकाहरू र एमालेभित्रका पनि देशभक्त, क्रान्तिकारीहरूका लागि किरणको यो आह्वानको महत्व र अर्थ रहेको छ । र, यो आह्वान नै २४औं जनयुद्ध आफैमा कला दिवसको उत्तम सन्देश रहेको छ ।

hukumsingh2012@yahoo. com

## सूचना विभागले...

सम्पूर्ण सञ्चारमाध्यमहरूका नाममा मिति २०७५।१०।१८ जारी गरेको परिपत्र साना तथा स्वरोजगारमुखी मिडियाहरूको हकमा अव्यवहारिक, खेदजनक र त्यस्ता मिडियाहरूको अस्तित्व निषेध गर्ने खालको रहेको ठहर गर्दै त्यसलाई सच्याउन र मिडियाहरूको वर्गीकरण गरी त्यसको कार्यान्वयन गर्न माग गरिएको छ । संगठनले मिति २०७५।१०।२१ गते श्रमजीवी पत्रकार ऐन, २०२१ अनुरूप वृद्धि भएको न्यूनतम पारिश्रमिकसम्बन्धी सरकारी निर्णय तत्कालका लागि रोक्न दिएको सर्वोच्च अदालतको अन्तरिम आदेशप्रति समेत गम्भीर ध्यानाकर्षण भएको भन्दै सर्वोच्च अदालतले जारी गरेको अन्तरिम आदेशले श्रमजीवी पत्रकारहरूको मर्म र भावनामाथि आघात पुर्‍याएको जनाएको छ ।

महासंघले भनेको छ, ' हाम्रो संगठन श्रमजीवी पत्रकार ऐनको कार्यान्वयन सबै (ठूला तथा कर्पोरेट मिडियादेखि साना लगानी तथा स्वरोजगारमुखी) मिडियाहरूमा समान रूपमा नभई यसलाई मिडियाको वर्गीकरणका आधारमा सापेक्षिक रूपमा गर्नुपर्छ भन्ने आवाज उठाउँदै आएको छ । ठूला लगानीका तथा कर्पोरेट मिडियाहरूमा समेत लागू हुन नसकिरहेको अवस्थामा साना तथा स्वरोजगार मिडियालगायत सबै सञ्चार माध्यमहरूमा निरपेक्ष रूपमा लागू गर्न गराउन भनी जारी गरेको विभागको परिपत्रले गम्भीर समस्या उत्पन्न गराइदिएको छ ।'

वक्तव्यमा भनिएको छ, 'तसर्थ, हाम्रो संगठन विभागको परिपत्रलाई मिडियाको वर्गीकरण अनुसार सापेक्षिक रूपमा कार्यान्वयन गर्न र सर्वोच्च अदालतबाट पनि श्रमजीवी पत्रकारहरूको मर्म र भावनालाई ख्याल गरी निर्णय हुने अपेक्षासहित सम्बन्धित निकायसँग जोडदार रूपमा माग गर्दछ । अन्यथा, हाम्रो संगठन संघर्षमा उत्रन बाध्य हुने यसै वक्तव्य मार्फत् जानकारी गराउन चाहन्छ ।'


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

मितेरी यातायात एण्ड अटो प्रा.लि.

प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-५२२५२८१
पुष्प- ९८५१०४३३२८, ९८०८४६११०६
बिक्की शर्मा गुरागाँई- ९८५११९५८८९
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी- ९८५२०६०२५४
फोन नं. : ०२६-४६०२५४

कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

रोयल बुईपा A/C जम्बो हाईस



गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म

काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का - [illegible]
- [illegible]
इन्द्र कट्टेल - [illegible]

गाईघाट सम्पर्क नम्बर
फोन नं. [illegible]
पुरुषोत्तम खनाल - [illegible]
- [illegible]

दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

रुद्रताल यातायात प्रा.लि.

ढोरपाटन-१, बुर्तिवाङ, बाग्लुङ

सुमो दिवा सेवा

*बुर्तिवाङ, खरवाङ, हतिया, बाग्लुङ, पोखरा हुँदै काठमाडौंसम्म*

काठमाडौं सम्पर्क नं. ९८१०२५१८६३
बुर्तिबाङ सम्पर्क ९८१०२५१८६४

सुझाव र सल्लाहको लागि ०१-४३५२२२२ र ९८५१०४९९५१

सेवाहरू

बुर्तिबाङ-काठमाडौं दैनिक सेवा सहित घर-घरमा पुर्‍याउने व्यवस्थाको साथै नेपालभित्रको जुनसेकै गन्तव्य स्थलको धार्मिक यात्रा, शैक्षिक भ्रमण, निजी पारिवारिक भ्रमणका लागि गाडी चाहिएमा सम्पर्क राख्नुहोला ।

हिमाल-तराई यातायात सेवा समिति

यहाँ काठमाडौंबाट सिन्धुली, बर्दियावास, ढल्के, जनकपुर, जलेश्वर, लालबन्दी, बयलवास, रामेछाप, मन्थली, च्यास्कु, भालुथोक, घुर्मी, बेतिनी, कटारी, गाईघाट, जयराम, हलेसी, दिक्तेल, मानेभञ्जाङ, ओखलढुंगा, सोलु, सल्लेरी, भीमान, मरिन, डकाहासम्मको टिकट पाइन्छ ।

टाटासुमो बोलेरो

*(रिजर्भ चाहिएमा)*


| | |
|---|---|
| ०४७-५२११६९ | सिन्धुली |
| ९८४१०१६०४९ | ढकाल बाजे |
| ९८६०१०२७३८ | विश्व |
| ९८४४२५२३८५ | सानोभाई |
| ९८४११०६९६७ | संजीव |
| ९८४५७८४३०७ | प्रदीप |
| ०१-५१००४९४ | कोटेश्वर |
| ९८४४००८४०० | लाल बहादुर |

रिजर्भ चाहिएमा सम्पर्क
सानोभाई फलफूल एण्ड जुस भण्डार
सिन्धुली जुनार भवन ९८४४२५२३८५, ९८४४०७६२६१, ९८३१२८४३०

(जि.प्र.का. काठमाडौं, द.नं. १९४-०७२/०७३ म.क्षे.हु.नं. १२-०७५/०७६) वर्ष ३ अङ्क ३४ वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

## आलोपालो

# विनाशकाले विपरीत बुद्धि



● घननाथ सापकोटा

संसदीय व्यवस्थामा ठेकेदार यसलाई यसरी पनि भन्न सकिन्छ यस व्यवस्थाका शासकहरूले नयाँनयाँ नाटक मञ्चन गर्दै नेपाली जनता माथि शासन गरिरहेका हुन्छन् । यही निरन्तरतमा गत आश्विन महिनामा हिन्दुहरूको ठूलो चाड दशैंको टीकाको अवसर पारेर राष्ट्रपति विद्यादेवी भण्डारी र प्रधानमन्त्री खड्गप्रसाद ओलीले एउटा नाट्क मञ्चन गरे संविधानमा देशलाई धर्मनिरपेक्ष घोषणा गरेको छ । विद्या ओलीहरूले सात दिनसम्म जनतालाई टीका लगाइदिने उर्दी जारी गर्दै सामन्तवादको झल्को दिने गरी टीका थाप्न जानेलाई भुइँमा घुँडा टेकाएर टीका लगाउने काम गरियो ।

अर्को नाटक चियापान कार्यक्रम यो देशको राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्रीहरू ठूला राजनीतिक पार्टीका नेताहरू पुलिस सेनाका अफिसरहरू स्थानीय निकायका प्रमुख उपप्रमुख र वडा अध्यक्ष समेतले राष्ट्रको ढुकुटी स्वाहा पार्दै दिउँसो चियापान राती सुरापान कार्यक्रम गरेर नाटक मञ्चन गरियो ।

पछिल्लो समय २०७५ साल मंसीर ११ गते कथित नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को दुईतिहाईको बहुमत प्राप्त प्रधानमन्त्री खड्गप्रसाद ओलीले एउटा नाटक मञ्चन गरे नाटकको शीर्षक ँयोगदानमा आधारित सामाजिक सुरक्षाकार्यक्रम रङ्गमञ्च चाँही काठमाण्डौंको कमलादीस्थित प्रज्ञा प्रतिष्ठानको भवन दर्शन देशमा गन्य मान्य भद्रभलादमी मन्त्रीगण, हुक्के, बैठके, शुरे मञ्चको अग्रभागमा पृष्ठभागमा नेपाली जनतालाई राखियो । खर्च लगभग १० देखि १५ करोड लाग्यो यो खर्च कहाँबाट प्राप्त भयो भन्ने जिज्ञासा पनि पैदा होला ।

२०६७ चैत ७ गते स्थापना भई सञ्चालनमा आएको नेपाली मजदुरहरूको रगत पसिनाबाट प्राप्त भएको तलबबाट केही प्रतिशत काटेर जम्मा भएको सामाजिक सुरक्षा कोषबाट झिकेर खर्च गरियो । ओलीले आजका दिनबाट अथवा मंसीर ११ गतेबाट नेपाल नयाँ युगमा प्रवेश गरेको घोषणा गरें । देशका भित्ता र बिजुलीका पोलपोलमा छ्याप्छाप्ती आफ्नो फोटो टाँसन लगाए । उत्ताउलो कुकुर संसाझै भनेझै हिटलरी शैली देखाए ।

जर्मनीको हिटलरको सल्लाहकार तथा प्रचार मन्त्री गोयबल्सले झुटा कुरा सयौं चोटी भनेर जनताको बीचमा सत्य जस्तो बनाएर आफ्नो तानशाहीलाई निरन्तरता दिने काम गर्दथे । यहाँ पनि केपी ओलीले देशको निम्ति सिन्को सम्म भाँच्न नसक्नेले आकाश पातालको कुरा गरेर देशको करोडौं करोड स्वाहा पार्दै आफ्नो फोटो टाँस्न लगाएका छन् । ओली अधिनायकवाद लागु गर्न खोज्दैछन् । मर्ने बेलामा कमिलाका प्वाख आँउछ अरें निम्ने बेलामा एकछिन बत्ति चहकिलो देखिन्छ ।

पञ्चायतकालमा पञ्चायती व्यवस्थाप्रति व्यापक असन्तुष्टि बडेपछि तैपनि केहीँ भरथेग गरेर बचाउन सकिन्छ की भनेर पञ्चहरूले पञ्चर्याली गर्ने सबै नेपालीलाई बलप्रयोग गरेर पञ्च भए भन भनेर भन्न लगाउने गर्थे । यस्तै ओलीका पनि पतनमा दिन गन्ती हुन सुरु गरे भन्ने कुरा सजिलै अनुमान गर्न सकिन्छ । यसकारण उनी देशभरि फोटो टाँस्न लगाउने ओलीऱ्याली गर्न लगाउने तयारीमा छन् । उनको वृद्धिमा विपरित विपरित आएको छ । यदि होइन् भने नेपाल र नेपाली जनताको समृद्धिको लागि काम गरेको हो भने यति उत्ताउलो भएर सरकारी ढुकुटी दुरूपयोग गरेर फोटो टाँस्ने र कुप्रचार गर्नै पर्दैन ।

यसै नेपाली जनताका मनमुटुमा ओलीको फोटो टाँसिन्छ । ज्ञान, खुबी र क्षमता भएका मान्छेले यस्तो उत्ताउलो काम पनि गर्दैन । पानी थोरै भएको खहरे खोला कति हल्ला गर्दछ ? जीउ धनको नोक्सान पनि गर्दछ । त्यति नजिकैको त्यत्रो नारायणी नदी शान्त र शालिन छन् । त्यति नजिकैको त्यत्रो नारायणगढ शहरलाई कुनै हानी नोक्सानी गर्दैन ।

कुनै डर, त्रास पनि छैन । फेरि अर्को अन्यायमा परेका पीडित जनताले पीडितको फोटो पोष्टर टाँसेर न्याय माग्न नपाइने टाँसिएका पीडितका फोटा च्यात्न र गिरफ्तार गर्न लगाउने । बलत्कारपछि हत्या गरिएकी निर्मला पन्तको फोटो टाँस्ने र न्याय माग्नेलाई उल्टो ओली सरकारले दमन गरेको छ ।

मंसिर ११ गतेबाट नेपालमा नयाँ युगको सुरु भएको घोषणा ओलीले गरे । मंसीर १२ गतेबाट त नेपाली जनताले नयाँ युगको अनुमूति गर्न पाउन पर्ने थियो । परिस्थितिमा त कुनै फेरबदल आएकै छैन ।

उसो भए मंसीर १२ गतेबाट

१) भारतद्वारा अतिक्रमित काला पानी लिम्पियाधुरा लिपुलेक सुस्ता लगायत सयौं ठाँउमा दशौं हजार हेक्टर नेपाली भूमि फिर्ता हुने भयो ?

२) भारतीय सुरक्षा कर्मीले सीमानामा नेपाली मजदुर लुटिने काम बन्द भयो ?

३) मंसीर १२ गतेबाट भारतले नेपालमाथि आर्थिक नाकाबन्दी लगाउने कामको अन्त भयो ?

४) भारतले अन्तर्राष्ट्रिय कानुन मिचेर सीमानामा बाँध बाँधेर नेपाली भूमि डुबानमा पार्ने कामको अन्त्य भयो ?

५) भारतका कोठीमा भएका हाम्रा छोरीचेलीहरू स-सम्मान नेपाल फिर्ता हुने भए ?

६) देशभित्र छोरी चेलीहरू बलत्कार हुने हत्या हुने दाँइजोको नाममा जीउँदै जलाउने र हत्या हुने कामको अन्त्य भयो ?

७) बलत्कारी हत्यारालाई कारबाही र पीडितले न्याय पाउने ग्याँरेन्टी भयो ?

८) सिण्डीकेट र दलालीकरणको अन्त्य हुने भयो ?

९) भ्रष्टाचार पूर्ण रूपमा अन्त्य हुने र भ्रष्टचारीलाई कारबाही गर्ने र महङ्गी काला बजारी नियन्त्रण गर्ने ग्यारेन्टी भयो ?

१०) नातावाद, कृपावाद, सरकारी कार्यालयमा जनताले सेवा लिन जाँदा घुस दिनपर्ने र ढिलासुस्तिको अन्त्य भयो ?

११) नेपाली युवाहरूलाई आफ्नै देशमा रोजगारको ग्यारेण्टी भयो ?

१२) सबै नेपाली जनतालाई सर्वसुलभ वैज्ञानिक शिक्षा प्राप्त गर्ने ग्यारेण्टी भयो ?

...बाँकी ७ पेजमा




## अनेमसंघ...

अध्यक्ष मुड्भरी भने केन्द्रीय सदस्यको जिम्मेवारीमा रहेको संगठनले जनाएको छ । बैठकमा नेकपा (क्रान्तिकारी माओवादी)के विशेष उपस्थिति रहेको थियो ।

बैठकले संगठन र संघर्षका कामलाई घनिभूत रूपमा अगाडि बढाउने निर्णय गरेको छ । आठ मार्चपासलाई भव्य रूपमा मनाउने निर्णय गरेको छ ।

## फागुन ७...

पोखरामा मोर्चाका सचिवालय सदस्य तथा ४ नं. प्रदेश संयोजक केशबहादुर परियारले उद्घाटन गर्ने कार्यक्रम तय गरिएको छ ।

राष्ट्रियता, जनतन्त्र र जनजीवीकाका सवालहरूलाई लिएर पुरानो दलाल पुँजीवादी सत्ता, व्यवस्था र संविधानको भण्डाफोर गर्दै त्यसको विकल्पमा संघीय जनगणतन्त्रको स्थापनाको आवश्यकता र त्यसको लागि नयाँ जनवादी क्रान्तिको तयारीका विषयमा जनतामा जागरण ल्याउने उद्देश्यसहित सुरु गर्न लागिएको यो अभियानमा मोर्चाको नेतृत्वमा क्रान्तिकारी माओवादीले आफ्नो सिंगो शक्तिलाई केन्द्रित गरी परिचालन गर्दैछ ।

प्राप्त जानकारी अनुसार अभियान सञ्चालन हुने प्रदेशमा कार्यरत पार्टी स्थायी समिति सदस्य, पीबिएम, केस, मोर्चाका सबै केसहरू, जबस मोर्चाका अध्यक्ष तथा संयोजकहरू र सम्बन्धित जिल्लाका पार्टी तथा मोर्चाका सदस्यसम्म अभियानमा परिचालित हुने जनाइएको छ ।

अभियानको क्रममा भारतीय पक्षबाट भएका अतिक्रमित भूभागहरूको अध्ययन/अवलोकन, कोणसभा, अन्तर्क्रिया, गोष्ठी, सहिद तथा वेपत्ता परिवार, घाइतेहरूसँग भेटघाट लगायतका कार्यक्रमहरू गरिने छ । अभियानको समापन २१ गते चितवनमा वृहत् सभा गरी सम्पन्न गर्ने कार्यक्रम रहेको छ । पूर्व र पश्चिम, पोखरा र काठमाडौंको अभियान टोली सबै २१ गते चितवनमा आइपुग्ने गरी अभियानको समय तालिका मिलाइएको छ ।




## सार्वजनिक अपिल

- सडक हामी सबैको साझा सम्पत्ती तथा विकासको पूर्वाधार हो ।
- सडक सीमा कहिल्यै पनि अतिक्रमण नगरौं ।
- जथाभावी सडक नकाटौं, दुर्घटना हुनबाट बचौं र बचाऔं
- पैदलयात्रीले बाटो क्रस गर्दा सधैं जेब्रा क्रसिङ्गको प्रयोग गरौं ।
- सडक प्रयोग गर्दा सवारी चालकहरूले सधैं ट्राफिक नियमको पालना गरौं ।
- सडकलाई सफा र सुन्दर राखौं ।
- सडकमा जथाभावी फोहोर नगरी सभ्यताको परिचय दिनुहोस् ।

अनुरोधक

**सडक डिभिजन, बुटवल**

Gulf®

गल्फ लुब्रिकेन्ट सधैं प्रयोग गरौं ।




**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : सचिरनन्द महर्जन, **फोटो**: जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।